# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७५ | काठमाडौं | मंगलबार, २३ असार २०८३ | Prabhab National Daily | Tuesday, 7 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


कांग्रेसको आन्तरिक कलह

## संस्थापनइतरको छुट्टै कार्यालय

पूर्वउपसभापति खड्काको माग गगनले गरे ठाडै अस्वीकार



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका पूर्वउपसभापति पूर्णबहादुर खड्काले आफूलाई सभापति गगन थापाले वरिष्ठ नेता बनाउने वचन दिएको बताएका छन् । सोमबार काठमाडौंको चुनदेवीमा सम्पर्क कार्यालय खोलेपछि खड्काले यस्तो बताएका हुन् ।

आफू र डा. शेखर कोइरालालाई वरिष्ठ नेता बनाउने वचन दिए  पनि अरु नेता कार्याकर्तालाई समायोजन गर्ने कुरा नगरेपछि आफू पछाडि हटेको खड्काले बताए । 'मलाई र डा. शेखर कोइरालालाई वरिष्ठ नेता दिने पक्कापक्की थियो । तर अरु साथीहरूलाई समायोजन गर्ने कुरामा केही खाका आएन । अरु नेता र कार्यकर्ताको बिचल्ली बनाएर जाने कुरा मैले मानिनँ,' कार्यालय उद्घाटनअघि खड्काले आफूनिकट नेता कार्यकर्तासँग भने ।

खड्काले आफू पक्षका १११ जना नेता कार्यकर्तालाई केन्द्रीय समितिमा समायोजन गर्न माग गरेको बताए । उक्त माग उपसभापति विश्वप्रकाश शर्मासँगको भेटमा भएको उल्लेख गर्दै खड्काले भेटको भोलिपल्ट कुनै खबर नगरी शीर्ष नेताको सदस्यता स्वतः अद्यावधिक भएको खबरले आफू अचम्ममा परेको बताए ।


क्रमशः पृष्ठ २ मा




मैले हाम्रो तर्फबाट १११ जना केन्द्रीय सदस्यमा समायोजन हुनुपर्छ भनेको हुँ । लिखितरूपमै यो माग दिएको हुँ ।

**पूर्णबहादुर खड्का**
पूर्वउपसभापति



१४औं महाधिवेशनबाट आएका १०० जना जति नेतालाई विशेष महाधिवेशनबाट आएको केन्द्रीय समितिमा मिसाऔं भन्ने कुरा रहेछ, यो काम पनि म गर्न सक्दिनँ । यो व्यावहारिक र आवश्यक छैन

**गगन थापा**
सभापति, नेपाली कांग्रेस

रास्वपाको संशोधित विधान

# संसदीय दलमाथि सभापतिको नियन्त्रण

## निर्देशन अवज्ञा गरे दलको नेता पदमुक्त हुने

- नयाँ विधानमा सभापतिलाई थप अधिकार
- नीतिगत निर्देशन नमाने दलको नेता पदमुक्त हुन सक्ने
- दलका नेता सभापतिप्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुनुपर्ने
- 'राइट टु रिकल'मार्फत निर्वाचित जनप्रतिनिधिलाई फिर्ता बोलाउने व्यवस्था

■ जेबी योञ्जन




**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो संशोधित विधानमार्फत पार्टी सभापतिको भूमिकालाई थप शक्तिशाली बनाएको छ ।

सोमबार सार्वजनिक गरिएको चौथो संशोधित विधानमा संसदीय दलको नेताले पार्टी सभापतिले दिएको नीतिगत मार्गनिर्देशन पालना नगरेमा पदमुक्त हुन सक्ने व्यवस्था राखिएको छ । यो प्रावधानले पार्टीभित्र निर्णय कार्यान्वयनमा सभापतिको भूमिका थप बलियो बनाएको विश्लेषण गरिएको छ ।

रास्वपाले ७ देखि १३ असारसम्म चितवनको भरतपुरमा सम्पन्न राष्ट्रिय महाधिवेशनबाट पारित चौथो संशोधित विधान सार्वजनिक गरेको हो । यसअघि ६ असारमा बसेको केन्द्रीय समितिको बैठकले विधान संशोधन प्रस्ताव पारित गरेको थियो ।

पार्टीले ३ वैशाखमा तत्कालीन सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा विधान संशोधन समिति गठन गरेको थियो । समितिमा डा. चन्दा कार्की, गणेश पराजुली, प्रकाशचन्द्र परियार र सुशान्त वैदिक सदस्य थिए । समितिले देशभरका पार्टी संरचनाबाट सुझाव संकलन गरी तयार पारेको मस्यौदा महाधिवेशनबाट अनुमोदन भएको हो ।

संशोधित विधानको संसदीय दलसम्बन्धी व्यवस्थामा भनिएको छ, 'संसदीय दलको नेताले पार्टी सभापतिले दिएको नीतिगत मार्गनिर्देशन पालना गर्नुपर्ने छ । सो मार्गनिर्देशनको अवज्ञा गरेमा दलको नेता पदमुक्त हुने छ ।'

यससँगै संसदीय दलको नेतृत्व पार्टीको निर्वाचित सभापतिप्रति प्रत्यक्षरूपमा उत्तरदायी हुनुपर्ने भएको छ । यसअघि दलको नेताले पार्टीको समग्र नीति पालना गर्नुपर्ने व्यवस्था भए पनि सभापतिको निर्देशनलाई नै पदसँग जोडेर स्पष्ट कानुनी आधार बनाइएको थिएन ।

विधानमा संसदीय दलको नेता पदमुक्त हुने अन्य आधारहरू पनि उल्लेख गरिएका छन् । जसअनुसार 'लिखित राजीनामा दिएमा, मृत्यु भएमा, सांसद पद समाप्त भएमा, पार्टी त्याग गरेमा वा पार्टीबाट निष्काशित भएमा तथा संसद्भित्र विश्वासको मत गुमाई सम्बन्धित प्रस्ताव पारित भएमा संसदीय दलको नेता पदमुक्त हुने छ ।'

यससँगै थपिएको सभापतिको निर्देशन पालना गर्नुपर्ने व्यवस्थालाई संशोधित विधानको सबैभन्दा महत्त्वपूर्ण परिवर्तनमध्ये एक मानिएको छ । समिति सदस्य तथा रास्वपा सांसद सुशान्त वैदिकका अनुसार यो व्यवस्थालाई पार्टी अनुशासन, नीतिगत एकरूपता र राजनीतिक जवाफदेहितालाई मजबुत बनाउन गरिएको सुधारका रूपमा राखिएको हो । उनका अनुसार संसदीय दल पार्टीको घोषणापत्र, नीति र महाधिवेशनबाट पारित निर्णयअनुसार सञ्चालन हुनुपर्ने भएकाले नेतृत्व पनि त्यसप्रति पूर्णरूपमा उत्तरदायी हुन आवश्यक छ ।

तर, प्रधानमन्त्री वालेन्द्र निकटकाहरू भने यो व्यवस्थाले दलको नेताको स्वतन्त्र निर्णय गर्ने अधिकार सीमित हुनसक्ने र पार्टी सभापतिको हातमा शक्ति थप केन्द्रित हुन सक्ने टिप्पणी गर्न थालेका छन् । कतिपयले भने यस्तो व्यवस्था संसदीय दलको नेता र पार्टी सभापति फरक व्यक्ति भएको अवस्थामा विवादको विषय बन्न सक्ने विश्लेषण गरिएको छ ।


क्रमशः पृष्ठ २ मा


"


'संसदीय दलको नेताले पार्टी सभापतिले दिएको नीतिगत मार्गनिर्देशन पालना गर्नुपर्ने छ । सो मार्गनिर्देशनको अवज्ञा गरेमा दलको नेता पदमुक्त हुने छ ।'

'मनोनीत वरिष्ठ नेताहरूको संख्या दुई वा दुईभन्दा बढी भएको अवस्थामा निजहरूबीचको आपसी वरीयता क्रम केन्द्रीय समितिले निर्णय गरेबमोजिम हुने छ ।'

'सम्बन्धित निर्वाचन क्षेत्रका निश्चित प्रतिशत सदस्यहरूले जनप्रतिनिधिले जनअपेक्षाविपरीत वा पार्टी हितविपरीत काम गरेको भनी सप्रमाण लिखित उजुरी पेस गरेमा वा अनुशासन आयोगले गम्भीर विचलन भएको प्रतिवेदन दिएमा सम्बन्धित जनप्रतिनिधिलाई फिर्ता बोलाउने प्रक्रिया अघि बढाउन सकिने छ ।'

सन्दर्भ: वैदेशिक रोजगार

# वैदेशिक रोजगार व्यवसायी संघमा सल्लाहकार र सदस्य मनोनीत



**राजेन्द्र भण्डारी**
सल्लाहकार



**नवराज केसी**
सल्लाहकार



**रघुनाथ पुरी**
सल्लाहकार



**धनलाल जैसी**
सल्लाहकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सल्लाहकार तथा कार्यसमिति सदस्यको मनोनयन गरेको छ । संघको सोमबार बसेको बैठकले चार जना सल्लाहकार, कानुनी सल्लाहकार र चार जना कार्यसमिति सदस्य मनोनीत गर्ने निर्णय गरेको हो ।

बैठकले संघका पूर्वअध्यक्ष एवं अरोरा हयुमन रिसोर्सेजका सञ्चालक राजेन्द्र भण्डारी, प्याराडाइज इन्टरनेसनलका सञ्चालक नवराज केसी, द रिभर ओभरसिजका सञ्चालक रघुनाथ पुरी र कान्तिपुर म्यानपावरका सञ्चालक धनलाल जैसीलाई सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको संघका महासचिव हिराबहादुर डाँगीले जानकारी दिए । केसी, पुरी र जैसी संघका पूर्वसल्लाहकार हुन् ।

सोही बैठकले संघको कानुनी सल्लाहकार थप गर्दै अधिवक्ता मधुकर रिजाललाई नियुक्त गर्ने निर्णयसमेत गरेको छ । कानुनी सल्लाहकारमा वरिष्ठ अधिवक्ताद्वय शम्भुप्रसाद निरौला र देवराज कटुवाललाई यसअघि नै नियुक्त गरिसकेको संघले जनाएको छ ।

यसैगरी संघको विधानबमोजिम मनोनीत हुने चार सदस्य पदमा देवीप्रसाद गिरी, राजेन्द्र बस्नेत, शिवहरि मैनाली तथा श्यामचन्द्र खतिवडालाई मनोनयन गर्ने निर्णय पनि बैठकले गरेको महासचिव डाँगीले बताए ।

संघको गत जेठ २४ गते सम्पन्न विशेष साधारणसभाबाट डिकबहादुर खत्रीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको थियो । निर्वाचित भएको एक महिना पुग्नै लाग्दा सल्लाहकार र मनोनयनतर्फको सदस्य मनोनीत गरिएको हो ।

ऐन संशोधनमा सुझाव दिने तयारी

सोमबारको बैठकमा वैदेशिक रोजगार ऐन संशोधनका लागि संघकोतर्फबाट सुझाव पेस गर्नेबारेसमेत छलफल भएको महासचिव डाँगीले बताए । उनका अनुसार युवा, श्रम, रोजगार मन्त्रालयबाट तयार गरिएको मस्यौदामा सुझाव माग गरिएकोमा त्यसका लागि आवश्यक तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए ।

सोही विषयको छलफलका क्रममा वैदेशिक रोजगारीमा जाने कामदारको लागत निर्धारण, कामदारको जिम्मेवारी तथा दायित्व स्पष्ट बनाउने, विद्यमान नीतिगत तथा कार्यान्वयनगत जटिलताको समाधान गर्ने लगायत दर्जनौं विषयमा संशोधन आवश्यक रहेको निष्कर्ष निकालिएको छ । सोहीअनुसार संघले विस्तृत संस्थागत राय तथा लिखित सुझाव तयार गरी मन्त्रालयमा पेस गर्ने निर्णय गरेको छ ।

महासचिव डाँगीले वैदेशिक रोजगार क्षेत्रलाई थप व्यवस्थित, सुरक्षित, पारदर्शी तथा मर्यादित बनाउन नीतिगत सुधार अपरिहार्य रहेको उल्लेख गरे ।


क्रमशः पृष्ठ २ मा


# लोकतान्त्रिक एसोसिएसनका अध्यक्ष गैरे पदमुक्त, अध्यक्षको जिम्मेवारीमा केसी



**रामप्रसाद गैरे**



**किशोरकुमार केसी**

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरे निर्वाचित भएको एक महिना नपुग्दै पदमुक्त भएका छन् ।

असार ५ गते सम्पन्न संस्थाको १३औं साधारणसभाबाट अध्यक्षमा निर्वाचित भएका उनलाई विधानबमोजिम योग्यता नपुगेको जनाउँदै जिल्ला प्रशासन कार्यालय काठमाडौले पदमुक्त गरेको हो ।

प्रशासनले सोमबार एसोसिएसनलाई पठाएको पत्रमा १३औं साधारणसभाबाट अध्यक्ष पदमा निर्वाचित गैरेको योग्यता संस्थाको विधानको दफा ७ र ८ बमोजिम नपुगेको देखिएको उल्लेख छ । प्रशासनको सोमबारको निर्णयअनुसार गैरेलाई अध्यक्ष पदबाट हटाएर निर्वाचनमा सो पदका निकटतम् रहेका किशोरकुमार केसीलाई अध्यक्षको जिम्मेवारी तोकिएको छ ।

'नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको मिति २०८३/०३/०५ गते सम्पन्न १३औं साधारणसभाबाट अध्यक्ष पदमा निर्वाचित हुनुभएका श्री रामप्रसाद गैरेको तहाँ संस्थाको विधानको दफा ७ र ८ बमोजिमको योग्यता नपुगेको देखिएकोले निज रामप्रसाद गैरेलाई अध्यक्ष पदबाट हटाई मिति २०८३/०३/०५ को तहाँको संस्थाको निर्वाचनमा अध्यक्ष पदका निकटतम् उम्मेदवार किशोरकुमार केसीलाई अध्यक्षको जिम्मेवारी तोक्ने


क्रमशः पृष्ठ २ मा

# नृत्यदेवी र पद्मपाणि लोकेश्वरको प्राचीन मूर्ति नेपाल फिर्ता

■ पूर्णप्रसाद मिश्र



**काठमाडौं–** नेपालबाट हराएर अमेरिका पुर्‍याइएका पुरातात्त्विक महत्त्वका नृत्यदेवी र पद्मपाणि लोकेश्वरको प्राचीन मूर्ति फिर्ता गरिएको छ ।

पुरातत्त्व विभागले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा ती मूर्ति फिर्ता भएको जानकारी गराइएको हो । फिर्ता भएकामध्ये संयुक्त राज्य अमेरिकाको न्युयोर्क (म्यानहट्टन) स्थित महानगरीय कला संग्रहालयमा रहेको १६औं शताब्दीको काठको नृत्यदेवीको मूर्ति एउटा हो । सो मूर्ति पाटनको इबहाबहीबाट विसं २०४५/२०४६ तिर हराएको थियो ।

अमेरिकाकै सिएस्थित बेर्कली कला संग्रहालयमा रहेको तामाबाट निर्मित सुनौलो रङको पद्मपाणि लोकेश्वरको १३औं शताब्दीको मूर्ति पनि सोमबार फिर्ता गरिएको छ । यो मूर्ति काठमाडौंको ठमेलस्थित विक्रमशिला महाबिहार (ठबही) बाट सन् १९८० को दशकमा हराएको थियो । दुवै मूर्ति लिन स्थानीय समुदाय पनि विभाग पुगेका थिए ।

दुवै मूर्ति अमेरिकाको न्युयोर्कस्थित जिल्ला अधिवक्ताको कार्यालयको बेचबिखनसम्बन्धी शाखामा राखिएकामा अनुसन्धानका क्रममा नेपालबाट गैरकानुनीरूप्मा गएको प्रमाणित भएपछि फिर्ता गरिएको हो । मूर्ति फिर्ता ल्याउन संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित नेपाली वाणिज्य दूतावासका कार्यवाहक महावाणिज्यदूत प्रेमबहादुर बुढथापालाई असार ९ गते हस्तान्तरण गरिएको थियो ।

ती वस्तुको उत्पत्तिस्थल नेपाल भएको भनी विभागबाट प्रमाणित भएपछि अन्तर्राष्ट्रिय कानुनअनुसार नेपाल फिर्ता गर्न सहज भएको थियो । अमेरिकाका दुवै संग्रहालयका साथै जिल्ला अधिवक्ताको कार्यालय, न्युयोर्कले पनि मूर्ति नेपाल फिर्ता ल्याउन सहयोग गरेको विभागले जनाएको छ । त्यसका लागि नेपालबाट संस्कृति, परराष्ट्र र अर्थ मन्त्रालयले पटक-पटक पत्राचारलगायत कानुनी प्रक्रियाका लागि पहल गरेका थिए ।

पुरातात्त्विक महत्त्वका दुवै सम्पदा नेपाल ल्याउन न्युयोर्कस्थित नेवाः गुठीले आर्थिक सहयोग गरेको अध्यक्ष राजेन्द्र महर्जनले जानकारी दिए । अमेरिकामा रहेका गुठीका धेरै जना सदस्यको सहयोगमा सम्भव भएको उनको भनाइ थियो । मूर्ति नेपाल ल्याउन सहयोग गर्ने गुठीलाई सोमबार आयोजित कार्यक्रममा विभागले प्रशंसापत्रसहित सम्मान गरेको छ ।

फिर्ता भएका सम्पदा सुरक्षा, संरक्षण, अनुसन्धानकर्तासम्मको पहुँचका लागि सोमबार नै राष्ट्रिय संग्रहालयलाई हस्तान्तरण गरिएको छ । ती सम्पदा तीन महिनासम्म राष्ट्रिय संग्रहालयमा रहने विभागका महानिर्देशक सौभाग्य प्रधानांगले जानकारी दिए । तीन महिनामा चोरी हुनुअघि मूर्ति रहेको स्थानमा आवश्यक संरचनासहित सुरक्षाको व्यवस्था मिलाएर पुनःस्थापना गरिने पनि उनले बताए । नेपाल र अमेरिकाबीच सांस्कृतिक आदानप्रदान सम्झौता भएकाले नेपालबाट चोरी भएर अमेरिका पुगेका अन्य सम्पदा पनि छिट्टै नेपाल ल्याउन सहज हुने भनाइ पनि महानिर्देशक प्रधानांगको थियो ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले चोरी भई विदेशमा पुगेका अन्य सम्पदा पनि फिर्ता गराउन मन्त्रालयका तर्फबाट सरोकार भएका सबै निकायको सहयोग जुटाएर ल्याउने प्रक्रिया भइरहेको बताए । यसका लागि सहयोग गर्न सबै सरोकार भएका निकाय एवं सम्पदाप्रेमीलाई उनले आह्वान पनि गरे ।

ललितपुर महानगरपालिकाका नगरप्रमुख चिरीबाबु महर्जनले हराएकै स्थानमा मूर्ति पुनःस्थापना गरी पूजा, आराधना गर्ने वातावरण मिलाउन माग गरे । त्यसका लागि स्थानीय सरकारका तर्फबाट सुरक्षालगायत आवश्यक सहयोग गरिने पनि उनले प्रतिबद्धता जनाए । नेपालबाट चोरी भई अमेरिका पुगेका मूर्ति फिर्ता भएपनि फ्रान्समा पुगेका मूर्ति फिर्ता गर्न सबै प्रक्रिया पूरा भएपछि पनि त्यहाँको संसद्ले स्वीकृति दिनुपर्ने प्रावधानका कारण केही समय लागेको पनि उनले सुनाए ।

काठमाडौं महानगरपालिकाकी कार्यवाहक नगरप्रमुख सुनिता डंगोलले मूर्ति हराउँदा त्यहाँका सम्पदा र संस्कृतिको इतिहास पनि हराउने गरेकाले मूर्तिलाई हराएकै स्थानमा पुनःस्थापना गरेर पूजा, आराधना गरिनुपर्ने बताइन् । चार, पाँच वर्षको मिहेनतपछि फिर्ता भएका मूर्ति पुनःस्थापना गरी आत्मा जोडिनुपर्नेमा पनि उनले जोड दिइन् ।

नेपालस्थित अमेरिकी दूतावासका माइक हर्करले अमेरिकामा रहेका अन्य नेपाली कला संस्कृतिका सामग्री पनि नेपाली भनी प्रमाणित भएपछि कानुनी प्रक्रिया पूरा गरेर फिर्ता गरिने प्रतिबद्धता जनाए । त्यसका लागि अमेरिकी सरकार र दूतावासका तर्फबाट निरन्तर सहयोग रहने प्रतिबद्धता जनाए ।

अमेरिकाको सहयोगमा विगत वर्षमा प्रस्तरको चतुर्मुखी शिवलिंग, प्रस्तरको उमामहेश्वरको मूर्ति, प्रस्तरको नागराजको मूर्ति, पद्मपाणि लोकेश्वर अर्थात् बोधिसत्व अवलोकितेश्वर मूर्ति र प्रस्तरको शाक्यमुनिको मूर्ति पनि नेपाल फिर्ता भएको थियो । प्रस्तरको चतुर्मुखी शिवलिंग विशेष प्रकारको छ । तीन तहको यो मूर्तिमा ब्रह्मभाग, विष्णुभाग र शंकरभाग छ । खम्बामाथि बनेको यो मूर्ति सन् १९८० को आसपासमा पशुपति क्षेत्रबाट हराएको थियो ।

प्रस्तरको उमामहेश्वरको मूर्ति ललितपुर महानगरपालिका-११ गाः हिटी टोलमा रहेको थियो । त्यो मूर्ति सन् १९६० मा हराएको हो । यो मूर्ति १० औं शताब्दीको हो । यो मूर्ति अमेरिकाको डेनभर आर्ट संग्रहालयको एसिया संकलनमा भेटिएको थियो ।

प्रस्तरको नागराजको मूर्ति १२औं वा १३औं शताब्दीको हो । यो मूर्ति राजकीय स्वरूप्को मानवाकार छ । यो मूर्ति सन् १९८२ मा नक्साल क्षेत्रबाट हराएको हो । पद्मपाणि लोकेश्वर अर्थात् बोधिसत्व अवलोकितेश्वर मूर्ति सन् १९५० तिर हराएको विभागले जनाएको छ । यो मूर्ति अमेरिकाको एक निजी कम्पनीको संकलनमा रहेको थियो ।

प्रस्तरको शाक्यमुनिको मूर्ति पनि सन् १९५० कै दशकमा हराएको हो । त्यो मूर्ति पनि अमेरिकाको एक निजी कम्पनीको संकलनमा रहेको थियो । युपिएस कार्गोले पनि ती मूर्ति निःशुल्क फिर्ता गराउन सहयोग गरेको थियो । अमेरिकामा ती सामग्री संग्रह गरेका निकाय एवं कम्पनीले पनि सहयोग गरेको विभागले जनाएको छ । *रासस*

## अपराधमुक्त समाज निर्माणमा प्रहरी र नागरिकबीचको सहकार्यमा जोड



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौरले अपराधमुक्त र सुरक्षित समाज निर्माणका लागि प्रहरी र नागरिकबीचको सहकार्य अपरिहार्य रहेको बताएका छन् ।

सोमबार गोंगबुस्थित नयाँबसपार्कमा 'मानव बेचबिखन र लागुऔषधविरुद्ध सप्ताहव्यापी कार्यक्रम' को उद्घाटन समारोहमा उनले मानव बेचबिखन र लागुऔषधविरुद्धको अभियानमा सबै एकजुट हुनुपर्नेमा जोड दिएका हुन् । सप्ताहव्यापी कार्यक्रमले विशेषगरी युवा पुस्तामा बढ्दो लागुऔषधको लत र समाजमा लुकेर रहेका मानव बेचबिखनका घटना नियन्त्रण गर्न सहयोग पुग्ने उनको विश्वास छ ।

प्रहरी प्रभाग नयाँ बसपार्क र सामुदायिक सेवा केन्द्र गोंगबुले उक्त सप्ताहव्यापी कार्यक्रम सुरु गरेको हो । मानव बेचबिखन रोकथाम र युवालाई लागुऔषध दुव्यर्सनबाट जोगाउन सचेतना प्रदान गर्ने हेतुले सप्ताहव्यापी कार्यक्रम गरिएको जानकारी दिइएको छ ।

कार्यक्रममा जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक दिलीप घिमिरेले गोंगबु बसपार्क क्षेत्र लागुऔषध दुर्व्यसन र मानव बेचबिखनको समस्या रोकथामका लागि सामूहिक प्रयासको खाँचो औंल्याए । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौलाले सार्वजनिक यातायातका साधनमार्फत लागुऔषध ओसारपसार हुने भएकाले दोषी चालक तथा सहचालक बन्ने गरेको हुँदा त्यसको रोकथामका लागि यात्रु चढाउँदा विशेष ध्यान दिनुपर्ने बताए ।

टोखा नगरपालिका-९ का अध्यक्ष रामभक्त घिमिरेले गोंगबु क्षेत्रलाई अपराधमुक्त बनाउन स्थानीय सरकारले प्रहरीसँगको सहकार्य गर्दै आइरहेको बताए । प्रहरी प्रभाग नयाँबसपार्कका प्रमुख शंकर श्रेष्ठले गोंगबु बसपार्क क्षेत्रका होटल, रेस्टुराँ, दोहोरी, विद्यालय, सार्वजनिक स्थानमा एक सातासम्म मानव बेचबिखन र लागुऔषधविरुद्ध विभिन्न कार्यक्रम सञ्चालन गर्ने जानकारी दिए ।

कार्यक्रममा महर्षि कलेज पवित्रनगर, बिएसटी कलेज बसपार्कका विद्यार्थीको सहभागिता थियो ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२३ गते**

बि.बि.सी. ईन्जीनियरिङ्ग कन्ष्ट्रक्सन कम्पनी प्रा.लि. को २०८३/०२/०४ मा सम्पन्न वार्षिक साधारण सभाको विशेष निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./१००९७३, मिति २०८३/०२/११ को निर्णयानुसार साविकको बि.बि.सी. ईन्जीनियरिङ्ग कन्ष्ट्रक्सन कम्पनी प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **बि.बि.सी. मेटल्स प्रा.लि**. कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **बि.बि.सी. मेटल्स प्रा.लि.** (**B.B.C. Metals Pvt Ltd**) कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८३/०३/२३**

श्री दमैडाँडा सा.व.उ.स, मरिण गा.पा-६ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ९२ को ९५७.१५क्यू.फिट गोलिया साल जातको काठ र दाउरा १.५० चट्टा दाउरो व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री दमैडाँडा सा.व.उ.स, मरिण गा.पा-६ सिन्धुली**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२३ गते**

यस कम्पनीको मिति २०८३/०३/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **भरतपुर मेट्रो क्लिनिक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेशनल बाथरोग सेन्टर चितवन प्रा.लि. (प्रा.लि.नं. १६४७२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२३ गते**

यस कम्पनीको मिति २०८३/०३/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **भारद्वाज हर्बल फ्लेवर एण्ड फ्रागरान्सेज प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एच.एन. किचन ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं. ३७०६२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२३**


यस शान्तेश्वरी सा.व.उ.स.हरिहर पुरगढी गा.पा.-०८, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ को नियमानुसार कटान मुछान भइ उत्पादित काठ दाउरा समूहको भलाय खारेमा घाटगद्दीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान १८३ को २१५३.१९ क्युफिट काठ तथा २ चट्टा दाउरा हाल जे जस्तो अबस्थामा छ । सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

**-अध्यक्ष**
**शान्तेश्वरी सा.व.उ.स.,**
**हरिहरपुर गढी गा.पा -०८, सिन्धुली ।**

## तपशिलमा उल्लेखित ऋणीहरूको नामको कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२४ गते**
**दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/०३ गते**
**तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/२३ गते**

तपशिलमा उल्लेखित ऋणीहरूको धितो कर्जा शिर्षक अन्तर्गत लिएको ऋण कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत यस संस्थासंग गरेको सर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाएको हुंदा कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा सम्झौता बमोजिम शर्त तथा बन्देज उल्लंघन गरेकोले कर्जा चुक्ता गर्नको लागि यो **७ (सात) दिने** सूचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **७ (सात) दिन** भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दस्तुर समेत चुक्ता भुक्तान गर्नु होला । यदि संस्थालाई तिर्नु बुझाउनु पर्ने कर्जा तिरे बुझाएको भए सो को प्रमाण समेत पेश गर्नु होला । अन्यथा संस्थासंग गरेको कर्जा सम्झौता बमोजिम संस्थाले सम्पूर्ण बक्यौता असुल उपर सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा हाल संशोधित कानुनी व्यवस्था बमोजिम र संस्थाको ऋण नीति २०७९ (संशोधन सहित) को बमोजिम आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने व्यहोरा धितो लेखी दिने र व्यक्तिगत जमानी दिनु हुने सम्पूर्ण महानुभावहरूले समेत यसै सूचनाबाट जानकारी लिनु हुन सूचित गरिन्छ ।

| क्र.स. | ऋणीको नाम, थर तथा वतन | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|
| ३. |  **नाम : मुना माया बज्यु तामाङ** श्रीमान :- सेर बहादुर बज्यु ससुराको नाम : चन्द्रमान बज्यु छोराको नाम : अमृत बज्यु स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.९ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७, चावहिल ना.प्र.नं ९४१, काभ्रेपलान्चोक |  **नाम : अमृत बज्यु** बुबाको नाम :- सेर बहादुर बज्यु बाजेको नाम : चन्द्रमान बज्यु स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.८ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा ., वडा नं. ७, चावहिल ना.प्र.नं -३०१०२४/१६०५६२, काभ्रेपलान्चोक<br> **नाम : मिनामाया बज्यु** बुबाको नाम :- सेर बहादुर बज्यु बाजेको नाम : चन्द्रमान बज्यु स्थायी ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.८ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७, चावहिल ना.प्र.नं -३०३०२४/१२, काभ्रेपलान्चोक |

**गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
धुम्बाराही, चण्डोल काठमाडौं, फोन नं. ०१-४५२८९६६, ०१-४५३४०६६, Email : goretosave@gmail.com


## युएइमा रोजगार

कम्पनी : I F M FACILITIES MANAGEMENT- L.L.C-O.P.C

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344253 | चलानी नं. ६०२५७६३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 20 | 1110 | ४६,१०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३० गते (14th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Employment Creation Service Pvt. Ltd.**
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com
श्रम ईजाजत नं. ४००/०६०/६१



## मलेसियामा रोजगार

कम्पनी : ERAMAS INGREDIENTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344375 | चलानी नं. ६०२५७६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## साउदीमा रोजगार

कम्पनी : QASR AL-BASHA JUICES ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/२२ | LT. No. 344396 | चलानी नं. ६०२५७७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 6 | 0 | 1000 | ४०,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
श्रम इजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com



## मलेसियामा रोजगार

कम्पनी : GMP KAISAR SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/२२ | LT. No. 331778 | चलानी नं. ६०२४६२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 76 | 0 | 1700 | ६३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३० गते (14th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AP OVERSEAS PVT. LTD**
Govt. License 826/066/67
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4988574, 4988485,
E-mail: info@apoverseas.com.np,Website : www.apoverseas.com.np



## साउदीमा रोजगार

कम्पनी : EXPERTISE CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२२ | LT. No. 332911 | चलानी नं.६०२४६५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ४०,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



## साउदीमा रोजगार

कम्पनी : NORTHERN RURAL TRADING ESTABLISHMENT — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344348 | चलानी नं. ६०२५७७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 1 | 0 | 1200 | ४८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FIT FUEL CATERING COMPANY — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344347 | चलानी नं. ६०२५७७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1300 | ५२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef | 2 | 0 | 1500 | ६०,८८० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इंप.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com



## जापानमा रोजगार

कम्पनी : ASIA CREATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344197 | चलानी नं. ६०२५७७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Exavetor Operator | 3 | 0 | 192236 | १८०,६६५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

Requirements: N5 NAT or JLPT mandatory. Candidates must be studying N4 or cleared N4

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-4016209, Cell : +977 970-6979348
E-mail :info@dninepal.com,Website:www.dninepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## अर्थतन्त्र ब्युँताउने मौद्रिक नीतिको आवश्यकता

नेपाल राष्ट्र बैंक आगामी आर्थिक वर्षको मौद्रिक नीति तर्जुमा गर्ने अन्तिम चरणमा छ । मुलुकको अर्थतन्त्र लामो समयदेखि शिथिलताबाट गुज्रिरहेको र जेन–जी आन्दोलनको बलमा बनेको नयाँ सरकारले बजेटमार्फत लिएको आर्थिक वृद्धिको लक्ष्यलाई सघाउनुपर्ने दोहोरो दबाबमाझ केन्द्रीय बैंकले यसपटकको नीति तय गर्नुपर्ने देखिन्छ । हालै प्रतिनिधिसभाको अर्थ समितिमा पूर्वगभर्नरहरू, निजी क्षेत्रका प्रतिनिधि तथा बैंकिङ क्षेत्रका नेतृत्वकर्ताहरूले दिएका सुझावहरूले वर्तमान आर्थिक धरातल र आगामी नीतिको दिशालाई प्रस्टयाएका छन् । यी सुझावहरूको मर्मलाई आत्मसात् गर्दै केन्द्रीय बैंकले एउटा सन्तुलित, साहसिक र व्यावहारिक नीति ल्याउनु आजको मुख्य आवश्यकता हो ।

विगत केही समयदेखि नेपालको बाह्य क्षेत्र (शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चिति) सुदृढ अवस्थामा रहे पनि आन्तरिक अर्थतन्त्र भने निकै संकुचित छ । बजारमा माग घट्नु, उद्योगहरू पूर्णक्षमतामा चल्न नसक्नु र रोजगारीका अवसरहरू खुम्चिनुले अर्थतन्त्र शिथिल भएको स्पष्ट पार्छ । यस्तो अवस्थामा बजेटले समेट्न नसकेका वा नमिलेका कतिपय विषयहरूलाई मौद्रिक नीतिमार्फत सम्बोधन गरिनुपर्छ । वित्तीय नीति (बजेट) र मौद्रिक नीतिबीच तादम्यता नभएसम्म आर्थिक उद्देश्यहरू हासिल हुन सक्दैनन् । तसर्थ, केन्द्रीय बैंकले आफ्नो व्यावसायिक स्वायत्ततालाई अक्षुण्ण राख्दै सरकारको आर्थिक वृद्धिको लक्ष्यलाई सघाउनेगरी लचिलो तर सजग मौद्रिक कार्यदिशा तय गर्नुपर्छ ।

अहिले बैंकिङ क्षेत्रले भोगिरहेको सबैभन्दा ठूलो चुनौती भनेको बढ्दो खराब कर्जा हो । आर्थिक शिथिलताका कारण व्यावसायिक गतिविधि सुस्त हुँदा व्यवसायीहरूले समयमै ऋणको साँवा–ब्याज भुक्तानी गर्न सकेका छैनन् । तर, यसैबीच परिस्थितिका कारण ऋण तिर्न नसक्ने र जानाजान बैंकिङ प्रणालीलाई छल्नेहरूबीचको भिन्नता छुट्याउनु अत्यावश्यक भइसकेको छ । राष्ट्र बैंकले खराब कर्जाको वर्गीकरण र सूक्ष्म निगरानीसम्बन्धी प्रावधानमा व्यावहारिक लचकता अपनाउनुपर्छ । कर्जा नोक्सानी व्यवस्थामा गरिने थोरै परिमार्जनले पनि बैंकहरूलाई थप दबाबबाट मुक्त गर्न सक्छ र बजारमा सकारात्मक सन्देश प्रवाह गर्छ । साथै, खराब कर्जाको स्थायी व्यवस्थापनका लागि 'एसेट म्यानेजमेन्ट कम्पनी' को स्थापना गर्नेतर्फ ठोस पहल गर्न अब ढिलाइ गर्नु हुँदैन ।

निजी क्षेत्र मुलुकको अर्थतन्त्रको मुख्य संवाहक हो । उत्पादनमूलक क्षेत्र र रोजगारी सिर्जना गर्ने उद्योगहरूलाई विशेष प्रोत्साहन दिनु मौद्रिक नीतिको प्राथमिकता हुनुपर्छ । विगतमा लागू गरिएका कतिपय उत्पादनमुखी नीतिहरूलाई सहजताका नाममा खुकुलो पार्नु हुँदैन, बरु तिनलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गरिनुपर्छ । बैंक दर र नीतिगत दरहरूलाई थप कसिलो बनाउने आधार अहिले देखिँदैनह बरु ब्याजदर करिडोरलाई व्यवस्थित गर्दै उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह सहज बनाउनेतर्फ जोड दिनुपर्छ ।

केन्द्रीय बैंकले के बुझ्न जरुरी छ भने बैंकिङ क्षेत्र र निजी क्षेत्र समस्यामा पर्नु भनेको समग्र मुलुकको अर्थतन्त्र नै संकटमा पर्नु हो । राष्ट्र बैंकले केवल नियामकको भूमिकामामात्र सीमित नभई अर्थतन्त्रलाई पुनर्जीवित गर्ने अभिभावकीय र उत्प्रेरक भूमिका निर्वाह गर्नुपर्छ । अत्यधिक कडा नीतिले बजारलाई संकुचित बनाउँछ भने अत्यधिक खुकुलो नीतिले अनुत्पादक क्षेत्रमा लगानी बढाएर जोखिम निम्त्याउन सक्छ । तसर्थ, मूल्य स्थिरता र वित्तीय स्थायित्व कायम राख्दै, आन्तरिक उत्पादन बढाउने र शिथिल बजारलाई चलायमान बनाउनेगरी समयानुकूल मौद्रिक नीति ल्याउनु नै राष्ट्र बैंकको बुद्धिमत्ता हुने छ । सरोकारवालाहरूका रचनात्मक सुझावलाई समेटेर आउने मौद्रिक नीतिलेमात्रै मुलुकलाई आर्थिक सुधारको दिशामा अघि बढाउन सक्छ ।

श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।

# असारे विकासको परिपाटी बन्द गरौं



❑ दामोदर खनाल

"

असार महिनामा धमाधम विकास निर्माणका काम भएका छन् । तर काम गुणस्तरीय नभएका कारण टिकाउ भएको देखिँदैन । कतिपय ठेकेदार दुई/तीन जना कामदार देखाएर करोडौंको काम भइरहेको छ भनी बिल भरपाई मिलाउन/भुक्तानी लिनमै व्यस्त छन् । कतिपय ठेकेदारले स्थानीय सरकारले नदीजन्य पदार्थ उपलब्ध नगराएका कारण काम समयमा नसकिएको दाबी गरिरहेका छन् । तसर्थ यस्तो विकासले मुलुकमा समृद्धि हुन सक्दैन र लक्षित वर्ग लाभान्वित पनि हुन सक्दैनन् ।


विकास मुलुकमा भएको स्रोत साधन र विदेशी ऋण सहयोगको सही सदुपयोग गर्नु हो । जुन कार्यबाट लक्षित वर्गले लाभ लिन सकून् भन्ने नै हो । मुलुकको ७७ वटै जिल्लामा के आवश्यक छ, के कस्तो सम्भावना छ, राम्रो गरी बुझेर बजेट विनियोजन हुन आवश्यक छ । विनियोजित बजेटको उपयुक्त सदुपयोग हुन पनि त्यत्तिकै आवश्यक हुन्छ । विकासका लागि यथार्थमा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्यांकनजस्ता विषय महत्त्वपूर्ण हुन्छ । विकास निर्माणलाई मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधारहरूले पनि प्रभाव पार्दछ । अनि तीन तहको सरकारको समन्वयको पनि महत्त्वपूर्ण भूमिका रहन्छ ।

यद्यपि, हाम्रो विकास गर्ने चलन पनि अचम्मै लाग्दो छ । अहिले असारको महिना ठाउँ-ठाउँमा वर्षा भइरहेको छ । अनि यसैबीच जतातत‍ै असारमा विकास निर्माणका काम धमाधम सुरू भएको छ । बजेट सक्न पानीमै सडक कालोपत्रे, वाल निर्माण, ढलाइजस्ता काम रोकिएको छैन । आर्थिक वर्षको अन्त्य असार महिनामा हुने यस्ता विकास निर्माणका कार्यले अनियमितता बढाउँछ । सरकारी बजेटको दुरूप्योग हुनुको साथै भ्रष्टाचारलाई बढावा दिन्छ ।

११ महिना कानमा तेल हालेर बस्ने हाम्रा सरकारी विकासे अड्डा अहिले रातमा पनि काममा तल्लीन देखिएका छन् । कतिपय विकासे अड्डामा बिल भरपाई मिलाउन पनि भ्याइनभ्याइ छ । जहाँ हुने काम पनि भएको देखिन्छ नहुनपर्ने काम पनि भइराखेको देखिन्छ । अनि सरोकारवाला निकाय पनि तै चुप मै चुप देखिएका छन् । नयाँ भनेर आशा गरिएको सरकारको पनि यस्ता गतिविधिमा ध्यान जान सकेको देखिँदैन ।

यथार्थ कुरा गर्दा मुलुकमा तीन तहको सरकार छ । हाम्रा जनप्रतिनिधिहरूले पनि पुरानै पञ्चायतकालीन संस्कारमा काम गर्न छाडेका छैनन् । जसका कारण विकास, समृद्धि र राहत पाउने आशामा रहेका जनताले 'पुराना राजा गए, नयाँ राजा महाराजा आए' भन्न छाडेका छैनन् । त्यसै त हाम्रो विकास बजेट कम छ, त्यसमा पनि विनियोजित रकम पूरै खर्च हुन सक्दैन । कतिपय कार्यालयका कतिपय शीर्षकको बजेट नीति नियम झण्झटिलो भएका कारण कामै नभएर बजेट फ्रिज हुन जान्छ र जनताले विकासको अनुभूति गर्न पाउँदैनन् । नीति नियमले काम गर्न अप्ठ्यारो पार्दछ भने यस्ता नीति नियमलाई किन सहज बनाएर बजेट विनियोजन गरिँदैन त ? प्रश्न उब्जिएको छ ।

असार महिनामा धमाधम विकास निर्माणका काम भएका छन् । तर काम गुणस्तरीय नभएका कारण टिकाउ भएको देखिँदैन । कतिपय ठेकेदार दुई/तीन जना कामदार देखाएर करोडौंको काम भइरहेको छ भनी बिल भरपाई मिलाउन/भुक्तानी लिनमै व्यस्त छन् । कतिपय ठेकेदारले स्थानीय सरकारले नदीजन्य पदार्थ उपलब्ध नगराएका कारण काम समयमा नसकिएको दाबी गरिरहेका छन् ।




तसर्थ यस्तो विकासले मुलुकमा समृद्धि हुन सक्दैन र लक्षित वर्ग लाभान्वित पनि हुन सक्दैनन् ।

साँच्चै विकास निर्माण स्तरीय तरिकाले मजबुत गराउने हो भने असारमा काम गर्ने परिपाटी बन्द नै गर्नुपर्दछ । असारदेखि असोजसम्म नीति निर्माण योजना तर्जुमा गरी बजेट निकाशा गरी असोजबाट जेठ मसान्तसम्म काम गर्ने नयाँ परिपाटीको सुरूआत गर्न जरुरी छ । यसो गर्न सके वर्षामा गरिएका विकास निर्माणका कामभन्दा निकै मजबुत र राम्रो काम हुनसक्छ । विकासको फल लक्षित वर्गले पनि पाउने छन् । यथार्थ कुरा गर्दा जेठ-असारको महिना सरकारी विकासे अड्डालाई बजेट सक्ने चटारो नै हुन्छ । यो दुई महिनामा हाम्रो मुलुकमा विकास निर्माणका करिब ५० प्रतिशत काम सम्पन्न हुन्छ । यो महिनामा सडक, नाली, पुल, पुलेसामा सिमेन्ट, अलकत्रालगायतको काम बढी हुने गर्दछ ।

यतिखेर विभिन्न संघसंस्था पनि बजेट सक्न निकै व्यस्त देखिन्छन् । सरकारी तालिम, गोष्ठी, अन्तरक्रिया पनि हुने गर्दछन् जुन कामले लक्षित वर्गलाई खासै फाइदा पुग्दैन । कतिपय स्थानीय तह, प्रदेश सरकारहरू पनि आफूले कतिपयलाई गुण लगाउन दिएको बजेटको कार्यक्रमको आफैं प्रमुख अतिथि बनेर कार्यक्रम गरेको पनि पाइन्छ । यस्ता कार्यक्रमले लक्षित वर्गलाई खासै लाभ भने दिँदैन । अनि कतिपय निर्माण कार्य भएका क्षेत्रमा कामको रेखदेख चेकजाँच गर्न प्राविधिकहरूको उपस्थिति पनि देखिँदैन जसले गर्दा सामान्य मजदुरकै भरमा काम हुने गर्दा काममा गुणस्तरीय हुने कुरै भएन ।

पछिल्लो समय संघसंस्था, नतापाता, व्यक्तिका जोडबलमा परेका स-साना बजेटका योजना कतिपय व्यक्तिको कमाइ खाने योजना पनि बनेका छन् । मठमन्दिर, पाटीपौवा, कुलो, सानातिना सडक, ढल, नालीजस्ता योजनाका काममा पनि व्यापक अनियमितता भएको जनगुनासो पाइन्छ ।

हामीले विकास निर्माणलाई प्रभावकारी बनाउने हो भने अब आर्थिक वर्षलाई वैशाखदेखि चैत मसान्तसम्मलाई एक आर्थिक वर्ष मानेर परिवर्तन गर्न जरुरी छ । अनि सरकारले जेठ १५ मा बजेट भाषण गर्ने असारमा अघिल्लै वर्षको काम गर्ने परिपाटी पनि अव्यावहारिक र नमिल्दो नै भएको छ । बजेट भाषणपछि धेरै वस्तुको मूल्यमा पनि उतारचढाव आउने भएकाले आर्थिक वर्षको अन्त्यमा नै बजेट भाषण गर्नु उपयुक्त हुने छ । र, हाम्रा राष्ट्रसेवक कर्मचारीले पनि पदीय जिम्मेवारी बहन गरेर कामको अनुगमनमा ध्यान दिई विकास निर्माणका काम जिम्मेवारीपूर्वक गराउन जरुरी छ ।






✍ बैकुण्ठ भण्डारी

# गार्जेनसिपको घण्टी मट्याङ्ग्रोको बिदाइ

'अर्थ न बर्थ गोविन्द गाई, टाउको दुख्या औषधि के मा लाई !'

हाम्रा गाउँघरका बूढापाकाले बनाएको यो उखान अहिले आएर नेपाली अर्थतन्त्रको आधिकारिक नाराजस्तै बनेको छ । जसले जे भन्यो, त्यही नै नीति । जसले जे कल्पना गर्‍यो, त्यही नै योजना । अनि जसले जे भाषण गर्‍यो, त्यही नै सुधार । अहिले देशमा एउटा नयाँ शब्द निकै चर्चामा छ, गार्जेनसिप ।

यो शब्द सुन्नासाथ मटयाङ्ग्रोले पहिले त सोचेको थियो, 'अब सरकारले हामीलाई अभिभावक भएर हेर्छ होला । बेरोजगारलाई काम दिन्छ होला । किसानको उत्पादन किन्छ होला । उद्योग खोल्छ होला । स्वास्थ्य बिमा बलियो बनाउँछ होला ।'

तर केही महिनामै उसले बुझ्यो, गार्जेनसिप भनेको भाषणमामात्र हुने रहेछ । घण्टी बज्यो, तर रोजगारी बजेन । निर्वाचनको बेला घण्टी यति बज्यो कि गाउँभरिका कुकुरलेसमेत रातभर सुत्न पाएनन् ।

'घण्टी बजाउनुहोस्, परिवर्तन ल्याउनुहोस् ।' मटयाङ्ग्रो पनि उत्साहित थियो ।

'यसपालि त केही होला ।' उसले पहिलोपटक कुनै नेताको भाषण पूरा सुनेको थियो ।

भाषणमा भनिएको थियो, हामी युवालाई विदेश जान दिँदैनौं । मटयाङ्ग्रोले घर फर्केर श्रीमतीलाई भनेको थियो, 'अब त पासपोर्टको नवीकरण नगरे पनि हुन्छ ।' श्रीमतीले खुसी हुँदै भनेकी थिइन्, 'त्यसो भए छोरालाई यहीँ राम्रो स्कुलमा पढाऔं ।'

तर चुनाव सकियो । सरकार बन्यो । मन्त्री बने । सल्लाहकार बने । उपसल्लाहकार बने । अनि फेरि नयाँ समिति बन्यो । तर एउटा कुरा बनेन, रोजगारी !

घण्टी त बजिरहृयो । तर उद्योगको साइरन बजेन । कारखानाको मेसिन बजेन । रोजगारीको सूचना बजेन । गार्जेनसिपको नयाँ परिभाषा एकदिन मटयाङ्ग्रोले टेलिभिजन खोल्यो ।

अर्थमन्त्री भाषण गर्दै थिए । सरकारले नागरिकको गार्जेनसिप लिन्छ । मटयाङ्ग्रोले कान सफा गर्‍यो । अब केही राम्रो घोषणा आउँछ । तर घोषणा आयो, स्वास्थ्य बिमा सुधार गर्नुपर्छ ।

मटयाङ्ग्रो मुस्कुरायो । उसले सोचेको थियो, अब अस्पतालमा सहज उपचार पाइन्छ । तर अर्को वाक्य आयो, ३५ सय तिरेर एक लाख खाने प्रवृत्ति रोक्नुपर्छ । मटयाङ्ग्रो एकछिन स्तब्ध भयो ।

उसले श्रीमतीलाई सोध्यो, 'ए कान्छी, बिरामी हुने मान्छेले बिमाको पैसा खान्छ कि औषधि खान्छ ?'

श्रीमतीले भनिन्, 'मलाई त ज्वरो आएको बेला औषधि खान पनि गाह्रो हुन्छ, पैसा कसरी खानु ?'

नेपालमा कुनै बेला स्वास्थ्य बिमा आशाको कार्यक्रम थियो । गरिबलाई राहत थियो । क्यान्सर भएका बुबालाई उपचार गराउन सकिन्थ्यो । सुत्केरी आमाले अस्पताल जान सक्थिन् । ज्येष्ठ नागरिकले औषधि पाउँथे । तर अहिले बिमाको चर्चा उपचारभन्दा बढी भाषणमा हुन थालेको छ । मटयाङ्ग्रोले भने, 'सरकारलाई त बिरामी देख्दा दया होइन, खर्च देखिन्छ ।

कृष्ण कन्हैयाले थपे, अब त अस्पताल जानुभन्दा भाषण सुन्नु सस्तो पर्ला ।'

मटयाङ्ग्रोको छोरो कक्षा पाँचमा पढ्थ्यो । विद्यालयले नयाँ सूचना निकाल्यो, वार्षिक शुल्क बढ्यो । यातायात शुल्क बढ्यो । कम्प्युटर शुल्क बढ्यो । डिजिटल शुल्क बढ्यो । विकास शुल्क बढ्यो । अभिभावक शुल्क बढ्यो । मटयाङ्ग्रोले हिसाब गर्‍यो । विद्यालयभन्दा त एउटा सानो होटल सस्तो पर्ने रहेछ । उसले शिक्षा मन्त्रालयतिर हेर्‍यो । सोच्यो, अब केही नियन्त्रण हुन्छ । तर मन्त्रालय चुप । मन्त्री चुप । नीति चुप । विद्यालयमात्रै बोल्यो, 'अर्को वर्ष अझ बढ्छ ।'

मटयाङ्ग्रोले हाँस्दै भन्यो, 'अब स्कुल होइन, पाँचतारे होटलमा बच्चा राखे पनि यति धेरै खर्च नलाग्ला ! गार्जेनसिप कहाँ छ ?'

एक दिन सदरमुकामको बसपार्कमा मटयाङ्ग्रो र कृष्ण कन्हैया भेटिए । कृष्णले सोध्यो, 'कता हिँडिस् ?'

मटयाङ्ग्रोले भने, 'रोजगारी खोज्न ।'

'पायौ त ?' उसले फेरि सोध्यो ।

मटयाङ्ग्रो भन्यो, 'पाएँ, भाषण । अनि घोषणा ।'

'अनि काम त ?'

'अर्को आर्थिक वर्षमा ।'

दुवै हाँसे... ।

कृष्णले भन्यो, 'अस्ति अर्थमन्त्रीले गार्जेनसिप भनेको त नागरिकलाई सुरक्षित बनाउने हो भन्दै थिए त !'

मटयाङ्ग्रोले भन्यो, 'हो नि, तर यहाँ त नागरिकले सरकारलाई पाल्नुपरेको छ ।'

हरेक मन्त्रीहरू भन्छन्, युवा विदेश नजाऊन् । तर मटयाङ्ग्रोले एउटा कुरा बुझ्न सकेन । जसले विदेश नजानू भन्छ, उसको छोरा विदेशमा । छोरी विदेशमा । उपचार विदेशमा । सम्पत्ति विदेशमा । बैंक खाता विदेशमा । छुट्टी विदेशमा । तर भाषणमात्रै नेपालमा ।

मटयाङ्ग्रोले भन्यो, 'हामीलाई देश माया गर्न सिकाउनेहरू आफैं किन विदेशतिर माया गर्छन् ?'

त्यसैबेला मटयाङ्ग्रोलाई फोन आयो । ऊ अचम्म पर्दै खुसी व्यक्त गर्दै थियो । 'धन्यवाद दाइ ! सरकारभन्दा त तपाईंले नै मेरो गार्जेनसिप लिइदिनुभयो । अनि मेरो टिकट पनि भयो नि ?'

उताबाट दलेले फोनमा भन्यो, 'सबै भइसक्यो ।'

मटयाङ्ग्रोले फोन काट्यो ।

यता कृष्ण कन्यहैया भन्दै थिए, 'विदेश नजा ।'

'किन ?'

'देशलाई तिमीहरू चाहिन्छ ।'

मटयाङ्ग्रो मुस्कुरायो, 'देशलाई हामी चाहिन्छ कि रेमिटयान्स ?'

कृष्ण चुप ।

'मैले देश छोडेको होइन कृष्ण, देशले मलाई छोडेको हो ।'

कृष्णको आँखामा आँसु आयो । 'पर्सी एयरपोर्टमा भेटौंला है' भनेर मटयाङ्ग्रो हिँड्यो ।

नेपालको झण्डा काँधमा राखेर सुटकेश गुडाउँदै मटयाङ्ग्रो एयरपोर्टबाट भित्र छिर्ने लाइनमा थियो । कोही कतार जाँदै । कोही दुबई । कोही जापान । कोही कोरिया । सबैको अनुहार फरक, कथा एउटै- नेपालमा काम पाइएन ।

मटयाङ्ग्रोले झोलाबाट एउटा सानो घण्टी निकाल्यो । त्यो चुनावमा बाँडिएको घण्टी थियो । उसले एकपटक बजायो ।

'टिङ... टिङ...' त्यसको आवाज विमानस्थलभरि गुञ्जियो ।

कृष्णले सोध्यो, 'किन बजाएको ?'

मटयाङ्ग्रोले भन्यो, 'देशलाई सम्झाउन ।'

'के ?,' कृष्णले प्रश्न गर्‍यो ।

'घण्टीले सरकार त आयो, तर रोजगारी आएन ।'

कृष्णले भन्यो, 'फर्केर आउँछस् नि ?'

मटयाङ्ग्रोले मुस्कुराउँदै भन्यो, 'जब गार्जेनसिप भाषणबाट सडकमा झर्छ । जब स्वास्थ्य बिमा बोझ होइन अधिकार बन्छ । जब विद्यालय व्यापार होइन शिक्षा बन्छ । जब युवा विदेश जान बाध्य होइन, नेपालमै बस्न इच्छुक हुन्छ । जब मन्त्री सचिवका छोराछोरी पनि यही देशमा बस्छन् । जब उपचारका लागि उनीहरू पनि नेपाली अस्पतालमा लाइन बस्छन् । त्यो दिन म पहिलो जहाज चढेर फर्किन्छु ।'

मटयाङ्ग्रो भित्र पस्यो । उसले अन्तिमपटक पछाडि फर्केर हेर्‍यो । कृष्ण कन्हैया हात हल्लाइरहेको थियो । मटयाङ्ग्रोले पनि हात हल्लायो । अनि फेरि त्यो सानो घण्टी बजायो ।

टिङ... टिङ... टिङ... घण्टीको आवाजसँगै विमान आकाशतिर उड्यो ।



**अचार बनाउने सामग्री** | गृहणी महिलाहरूका लागि आचार बनाउने तालिम दिएपश्चात् उनीहरूलाई अचार बनाउने सामग्री हस्तान्तरण गर्दै सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाकी नगरप्रमुख मोहनमाया ढकाल । *तस्बिर: रासस*

# पातपतिंगरबाट प्रांगरिक मल



**गोरखा–** जिल्लाको चारवटा सामुदायिक वन समूहले वनजंगलमा कुहिएर खेर गइरहेको पातपतिंगरबाट प्रांगरिक मल बनाउन सुरु गरेको छ । सहिदलखन गाउँपालिका-१ को रामलक्ष्मण सामुदायिक वन उपभोक्ता समूह तथा सोही वडाको बागपानी सामुदायिक वन उपभोक्ता समूहले पातपतिंगरबाट प्रांगरिक मल बनाउन सुरुआत गरेको हो ।

गोरखा नगरपालिका-८ को लुदी दामगाडे सामुदायिक वन उपभोक्ता समूह तथा भीमसेनथापा गाउँपालिका वडा नं ५ को कलुवागैरा आँपगैरा कुटमिरे सामुदायिक वन उपभोक्ता समूह उक्त कार्यमा जुटेको हो । डिभिजन वन कार्यालय गोरखाको प्राविधिक तथा आर्थिक सहयोगमा सामुदायिक वनहरूले पातपतिंगरबाट प्रांगारिक मल बनाउन सुरु गरेका छन् ।

कार्यालयले सामुदायिक वन समूहहरूलाई प्रांगरिक मल बनाउन आवश्यक मेसिन उपलब्ध गराएको डिभिजन वन कार्यालय गोरखाका वन अधिकृत शिशिर लम्सालले बताए । यस्तै, वन समूहहरूलाई मल बनाउनका लागि आवश्यक तालिम तथा अभिमुखीकरण गराएको उनले जानकारी दिए ।

कार्यालयको बायोमासमा आधारित प्रांगरिक मल उत्पादन कार्यक्रमअन्तर्गत मल बनाउने कार्यक्रम सञ्चालन गरेको अधिकृत लम्साल बताउँछन् । कार्यक्रमले पछिल्लो समय वन क्षेत्रमा चुनौतीका रूपमा फैलँदै गएको मिचाहा प्रजातिको सदुपयोग तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने उनले बताएका छन् ।

'वनमारालगायत मिचाहा प्रजाति व्यवस्थापन र रैथाने प्रजातिको संरक्षणमा कार्यक्रमले सहयोग पुऱ्याउँछ,' उनले भने । यसैगरी, प्रांगरिक मलको उत्पादनले रसायनिक मलको अभावलाई केही हदसम्म परिपूर्ति गरेर कृषि र वनको सम्बन्ध स्थापित गर्ने तथा जैविक कृषि प्रवर्द्धन गर्ने वन अधिकृत लम्सालको भनाइ छ ।

कार्यक्रमअन्तर्गत कार्यालयले सामुदायिक वन उपभोक्ता समूहकै नेतृत्वमा वनबाट पातपतिंगरहरू (वनमारा, झाडी, पात, काठको टुक्रा) संकलन गर्छ । संकलन भएका उक्त सामग्रीहरूलाई पाँचदेखि आठ फिट चौडाइ र तीनदेखि पाँच फिट उचाइको लामो तह बनाएर खुला ठाउँमा जम्मा गरिन्छ ।

मल बन्नका लागि उपयुक्त विधि तथा प्रक्रिया पुऱ्याएर आठदेखि १२ हप्ताभित्र उच्च गुणस्तरको प्रांगरिक मल तयार हुने डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदनमोहन शाण्डिल्यले बताए । उनका अनुसार कार्यक्रमले मिचाहा प्रजातिको व्यवस्थापन, डढेलो नियन्त्रण तथा सामुदायिक वनको आयआर्जनमा ठूलो टेवा पुऱ्याउने छ । *रासस*

# बज्रबाराही चापागाउँ अस्पतालको सामाजिक परीक्षण सम्पन्न

■ प्रभाव संवाददाता

**ललितपुर–** बज्रबाराही चापागाउँ अस्पतालको सामाजिक परीक्षण आइतबार सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघ ललितपुर शाखाको समन्वय तथा बज्रबाराही चापागाउँ अस्पतालको सहयोगमा आयोजित कार्यक्रममा अस्पताललाई गुणस्तरीय, उत्तरदायी र जनमैत्री सेवाको नमूना स्वास्थ्य संस्थाका रूपमा विकास गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।




कार्यक्रममा सहभागीहरूले अस्पतालको सेवा सुधार, सेवा विस्तार, जनविश्वास अभिवृद्धि तथा प्रभावकारी व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने सुझाव दिएका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै कोञ्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामाले बज्रबाराही चापागाउँ अस्पताललाई प्रभावकारी र नागरिकमैत्री अस्पतालका रूपमा विकास गर्नुपर्ने बताए ।

'महानगर वा नगरपालिकाले आफ्नै स्रोतबाट अस्पताल सञ्चालन गर्न सक्छन्, तर गाउँपालिकाका लागि स्रोतसाधनको अभाव चुनौतीपूर्ण हुन्छ,' उनले भने, 'नागरिकले अस्पतालमा आएपछि सेवा नपाउने अवस्था हुन हुँदैन । उपचारभन्दा पनि रोग न्यूनीकरण र जनचेतना अभिवृद्धितर्फ ध्यान दिन आवश्यक छ ।'

गोदावरी नगरपालिका-१३ का वडाध्यक्ष भास्कर थापाले विगतमा 'ससिखेल हेल्थपोस्ट'का रूपमा परिचित रहेको संस्था आज प्रदेशस्तरीय अस्पतालका रूपमा विकास भएको उल्लेख गर्दै स्थानीय नागरिकलाई विश्वासिलो सेवा प्रदान गर्नुपर्ने बताए । अस्पतालका समस्या समाधानमा जनप्रतिनिधिहरू पनि जिम्मेवार भएर लाग्नुपर्ने उनको भनाइ थियो ।

गोदावरी नगरपालिका-११ का वडाध्यक्ष निलबहादुर देसारले अस्पतालमा बिरामीको चाप बढ्नु सकारात्मक पक्ष भएको उल्लेख गर्दै जनविश्वास कायम गर्न गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह अपरिहार्य रहेको बताए । अस्पताल सञ्चालक समितिका अध्यक्ष रामहरि घिमिरेले सामाजिक परीक्षणबाट प्राप्त सुझावलाई सुधारको अवसरका रूपमा लिएर आगामी कार्ययोजनामा समावेश गरिने जानकारी दिए ।

'हामी राजनीतिभन्दा सेवामा केन्द्रित छौं । समितिले बनाएको योजना अनुसार साउनदेखि सुधारका कार्यक्रम कार्यान्वयन गरिने छ,' उनले भने । बिमाबापतको रकम भुक्तानी नपाउँदा अस्पताल सञ्चालन गर्न केही कठिनाइ भएको उनले उल्लेख गरे ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. किसन नेपालीले पछिल्लो एक वर्षमा अस्पतालले उल्लेखनीय प्रगति गरेको बताए । उनले ९८ प्रकारका औषधि नियमित उपलब्ध गराउन नसकिएको, एम्बुलेन्स बिग्रिएको तथा अस्पतालको नामकरणसम्बन्धी समस्या अझै बाँकी रहेको जानकारी दिए । उनका अनुसार अस्पतालमा टोकन प्रणाली, शल्यक्रिया सेवा तथा नाक, कान, घाँटी उपचार सेवामा सुधार गरिएको छ र सेवाको गुणस्तर अभिवृद्धिलाई प्राथमिकतामा राखिएको छ ।

जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले सामाजिक परीक्षणमा बढीभन्दा बढी सेवाग्राहीको संख्या बढाउनुपर्ने सुझाव दिए । अस्पतालले प्रदान गरिरहेको सेवा, सुविधा र गुणस्तरका विषयमा पत्रकार शिवहरि घिमिरेले सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले सेवा प्रवाहका क्रममा देखिएका समस्या तथा सम्भावित समाधानका उपायहरू प्रस्तुत गर्दै सुधारका केही क्षेत्र भए पनि अस्पतालमा गम्भीर समस्या नरहेको बताए ।

जनभावना क्याम्पसका प्रमुख शिवराज सञ्जेलले पाटन अस्पतालबाट जिल्ला अस्पताल चापागाउँमा ल्याउन धेरै संघर्ष गर्नुपरेको स्मरण गर्दै अब यसलाई गोदावरी क्षेत्रकै नमूना अस्पतालका रूपमा विकास गर्नुपर्ने बताए । उनले प्रदेश सरकारसँग आवश्यक स्रोत जुटाउन पहल गर्नुपर्ने, स्वास्थ्यकर्मीलाई प्रोत्साहनको व्यवस्था गर्नुपर्ने तथा अस्पतालप्रति नागरिकको विश्वास बढाउन प्रभावकारी प्रचारप्रसार आवश्यक रहेको धारणा राखे ।

नेपाल पत्रकार महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पत्रकार, सेवाग्राही, जनप्रतिनिधि, चिकित्सक, नर्स तथा नागरिक समाजका करिब ५० जनाको सहभागिता रहेको थियो ।

# बागरमा खानेपानीको समस्या

**तुलसीपुर (दाङ)–** दाङको दंगीशरण गाउँपालिका-६ स्थित बागरमा खानेपानीको समस्या भएको छ । गाउँको बीचमा दुई मुहान भए पनि त्यहाँ टचांकी नहुँदा खानेपानीको हाहाकार हुने गरेको छ । खानेपानीकै लागि आधा घण्टा हिँडेर मुहान पुग्नुपर्ने बाध्यता छ ।



त्यतिमात्रै नभई मुहानमा गएर पनि एक घण्टासम्म पालो कुनुपर्ने अवस्था रहेको स्थानीय सीता चौधरीले गुनासो गरिन् । 'पानी ल्याउन पोखरीसम्म जानका लागि आधा घण्टा लाग्छ, मुहानमा गए पनि पालो पाउन मुस्किल छ,' उनले भनिन् ।

त्यहाँ करिब डेढ सय घरपरिवार छन् । बागरको ठण्डीबजार, बनखल्यान, नयाँगाउँ, गोठीगाउँलगायत गाउँमा खानेपानीको निकै समस्या हुने गरेको छ । ती दुईवटा मुहानको पानीलाई टचांकीमा जम्मा गरेर वितरण गर्न सकेमा समस्या नहुने स्थानीय एमेशन चौधरीले बताए । 'दुईवटा मुहानलाई एउटा ओभरहेड टचांकी बनाएर जम्मा गरेमा सबै गाउँलाई सहजै पुग्थ्यो,' उनले भने, 'घण्टौं पालो कुर्नुपर्ने अवस्था आउने थिएन ।'

गाउँमा एउटा डिपबोरिङसमेत खनिएको छ । त्यो डिपबोरिङ खनेपछि घरघरमा धारा पनि जडान गरियो । केही समय त ती धारामा पनि पानी आयो । तर, अहिले ती धारा सुक्खा छन् । 'टचांकी नहुँदा पानी खेर जाने अवस्था भयो,' स्थानीय निमबहादुर खत्रीले भने, 'त्यसले गर्दा पानीको सतह मोटरभन्दा मुनि गयो र धारामा पानी आउन छोड्यो ।'

खानेपानी समस्या समाधानका लागि सबै तहका सरकारलाई गुहार गरे पनि सुनुवाइ नभएको उनको गुनासो छ । चुनावका बेला पानीको माग पूरा गर्ने आश्वासन आए पनि त्यो समाधानका लागि पहल भएको छैन । *रासस*

# रुपन्देहीमा 'स्मार्ट प्रहरी–सुरक्षित समुदाय' कार्यक्रम सुरु

**सिद्धार्थनगर (भैरहवा)–** रुपन्देही प्रहरीले सूचना प्रविधिमा आधारित 'स्मार्ट प्रहरी-सुरक्षित समुदाय' कार्यक्रमसहित कार्यसञ्जाल विस्तार गरी समयसापेक्ष सेवा सञ्चालन गरेको छ ।

नेपाल सरकारले जारी गरेको १०० बुँदे कार्यक्रम कार्यान्वयन गर्नेक्रममा नेपाल प्रहरीले अघि सारेको सो अवधारणालाई आत्मसात् गर्दै रुपन्देही प्रहरीले सूचना प्रविधिको प्रयोगमा जोड दिई चुस्तदुरुस्त एवं नागरिकमैत्री सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरेको हो ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले 'स्मार्ट पुलिसिङ'को अवधारणा बमोजिम रुपन्देही जिल्लामा 'क्राइम रेस्पोन्स भेहिकल' (सिआरभी) र 'स्मार्ट पुलिस कन्ट्रोल रुम' (एसपिसिआर) सञ्चालन गर्न लागेको जानकारी दिए । तुलनात्मकरूप्मा जनघनत्व र खुला सीमा बढी भएको रुपन्देही जिल्लामा आपराधिक घटनासहित जोखिम बढी हुनसक्ने यथार्थलाई दृष्टिगत गरी सूचना प्रविधिमा आधारित भई द्रुत गतिमा सेवा प्रवाह गर्न लागेको उनले बताए ।

प्रदेश प्रहरी प्रमुख खत्रीका अनुसार रुपन्देहीपछि बाँके, कपिलवस्तु, पश्चिम नवलपरासी, दाङ लगायतका जिल्लामा पनि 'स्मार्ट पुलिसिङ' विस्तार गरिने छ । यसैगरी, प्रविधिमा आधारित सेवाले अपराध नियन्त्रणलाई छिटो, प्रभावकारी र पारदर्शी बनाउनुका साथै 'प्रहरी-नागरिक' सम्बन्धलाई अझ सुदृढ बनाउने र भन्सार छली, चोरी-तस्करी, सडक दुर्घटना र साइबर अपराध न्यूनीकरण तथा नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले सूचना प्रविधिको क्षेत्रमा देखिएको विकाससँगै स्मार्ट पुलिसिङको अवधारणा बमोजिम प्रहरी संगठन अघि बढ्नुपर्नेमा जोड दिए । लुम्बिनी प्रदेश प्रहरी कार्यालयका स्मार्ट पुलिसिङ तथा अपराध अनुसन्धानविज्ञ प्रहरी निरीक्षक उज्ज्वल खड्काका अनुसार रुपन्देहीको मिलनचोक, कालिकानगर, योगीकुटी, मणिग्राम, कोटिहवा, बुद्धचोक, मायादेवी चोक, आँखा अस्पताल चोक, बसन्तपुर चोक र झुलनीपुरमा 'सिआरभी' बेस स्थापना गरी स्मार्ट सेवा सञ्चालन गरिने छ ।

यसैगरी, जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा स्थापना गरिने स्मार्ट पुलिस कन्ट्रोल रुम (एसपिसिआर) लाई आधुनिक प्रविधि प्रणालीसँग जोडिने छ । यसबाट प्रहरी टोलीको परिचालन, निगरानी, नियन्त्रण, कमाण्ड, सिसिटिभी अनुगमन, डिजिटल अभिलेखीकरण तथा प्रहरी प्रतिक्रियाको सम्पूर्ण व्यवस्थापन एउटै केन्द्रबाट म चौबीसै घण्टा सञ्चालन गरिने प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीले अघि सारेको स्मार्ट पुलिसिङ अवधारणाले साइबर अपराध, सीमापार अपराध, संगठित अपराध, वित्तीय अपराध तथा आधुनिक सुरक्षा चुनौतीको प्रभावकारी सामना गर्न कृत्रिम बौद्धिकता (एआई), डिजिटल सूचना प्रणाली, डेटा विश्लेषण र अनुसन्धान प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेको जनाएको छ ।

रुपन्देही प्रहरीका सूचना अधिकारी चन्दका अनुसार सिआरभी र एसपिआर प्रणालीले अपराध अनुसन्धानलाई थप वैज्ञानिक, प्रविधिमैत्री र प्रमाणमा आधारित बनाउने तथा कुनै अपराध, दुर्घटना, विपद् वा आकस्मिक घटनाको सूचना प्राप्त हुनासाथ सबैभन्दा नजिकको प्रहरी टोलीलाई डिजिटल प्रणालीमार्फत तत्काल परिचालन गरिने र घटनास्थलको सुरक्षा, प्रमाण संरक्षण, उद्धार तथा अनुसन्धानलाई एउटै प्रणालीमा जोडिने भएकाले सेवा प्रवाहमा गुणात्मक उपलब्धि हासिल भई प्रहरी र आमजनताबीचको सम्बन्ध अझ विश्वसनीय, सुदृढ र सुमधुर हुने छ । *रासस*


**मलेसियामा रोजगार** — कम्पनी : GC PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२२ | LT. No. 344614 | चलानी नं. ६०२५७७३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker-manufacturing | 50 | 0 | 1700 | ६३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

**युएइमा रोजगार** — कम्पनी : CARE PROFESSIONAL SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344354 | चलानी नं. ६०२५७६९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Messanger | 20 | 0 | 1500 | ६२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Mechanical Technician | 20 | 0 | 1500 | ६२,३०५ | | | | | | | |
| 3. | Labour | 20 | 0 | 1000 | ४१,५३५ | | | | | | | |
| 4. | Installation Welder | 20 | 0 | 1500 | ६२,३०५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LION RECRUITMENT SERVICES PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

**मलेसियामा रोजगार** — कम्पनी : EIK ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२२ | LT. No. 344410 | चलानी नं. ६०२५७६८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Eik Engineering Sdn Bhd | 17 | 0 | 1700 | ६३,५६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

**साउदीमा रोजगार** — कम्पनी : HAPPINESS FLOWERS GIFTS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ | LT. No. 344426 | चलानी नं. ६०२५७६६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging Worker | 1 | 0 | 1000 | ४०,५८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : OZWHEEL SHOP FOR SPARE PARTS

पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No. 344076 | चलानी नं. ६०२५७३४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman (Auto Mobile Spare Parts) | 1 | 0 | 1300 | ५२,७६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

# प्रभाव दैनिक

रूपशाला


## 'चंगुल' भदौ १९ गते रिलिज हुने

जेनजी आन्दोलन र त्यसपछिको अवस्थालाई चित्रण गरिएको चलचित्र चंगुल भदौ १९ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले चलचित्रको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति बाहिर ल्याएको हो । चलचित्रमा मालती कार्कीको निर्माण तथा राम गौतमको निर्देशन रहेको छ । चलचित्रमा रवि कार्की, लय संग्रौला, लक्ष्मीनाथ तिमल्सिना, राकेश कुमार राई लगायतको अभिनय छ । विपिन आचार्य तथा नन्दनी अधिकारीको संगीत रहेको चलचित्रमा देव महर्जनको द्वन्द्व, दीपेन्द्र बस्न्यातको छायांकन तथा सम्पादन छ ।






# 'मोडल हन्ट नेपाल २०२६'को लागि ४२ प्रतियोगी छनोट



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालकै बृहत् र स्तरीय मानिएको प्रतियोगिता 'मोडल हन्ट नेपाल २०२६'का लागि ४२ प्रतियोगी छानिएका छन् । प्रतियोगिताको छनोट चरणको विभिन्न अडिसनबाट २६ फिमेल र १६ मेल गरेर ४२ प्रतियोगी फाइनलका लागि छानिएका हुन् ।

प्रतियोगीताको यो १० औं सिजन हो । यो सिजनको मुख्य प्रयोगक नोथिङ स्मार्ट फोन रहेकोले प्रतियोगीता 'नोथिङ स्मार्ट फोन मोडल हन्ट नेपाल २०२६' नामबाट आयोजना हुने आयोजक नेक्स्ट मोडल्स नेपालकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन् ।

छानिएका प्रतियोगीहरू एक महिनाको प्रशिक्षण सहित फाइनलको तयारीमा लाग्नेछन् । प्रशिक्षणको क्रममा व्यक्तित्व विकास, शारीरिक बनावट, र्याम्प वाक, बडी ल्याङ्वेज, फोटोसुट, एक्सप्रेसन लगायतका ग्रुमिङ कक्षामा सहभागी गराइनेछ । प्रतियोगितामा विजेता ५ लाख बराबरको पुरस्कारको अलवा आगामी सेब्टेम्बरमा कम्बोडियामा आयोजना हुने 'मिस एण्ड मिष्टर सेलिब्रेटी इन्टरनेशनल'मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्ने आयोजक नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले बताए ।

उचित ज्ञानसहित देश तथा विदेशका प्लेटफर्ममा सजिलै अवसर पाउन सक्ने व्यावसायिक मोडल उत्पादन गर्ने उद्देश्यले विगत १० वर्षदेखि नियमित आयोजना हुँदै आएको प्रतियोगितामा पछिल्लो समय युवायुवतीको आकर्षण समेत बढ्दो रहेको छ । प्रतियोगिताले मोडलिङ गर्न चाहनेका लागि उचित अवसर र प्लेटफर्कको सृजना गर्ने अध्यक्ष धमलाको विश्वास छ । प्रतियोगीताको फाइनल २४ जुलाई अर्थात साउन ८ गते आयोजना हुनेछ ।

# अर्जुन पन्तको 'दिदी भाइ ५' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली लोकदोहोरी क्षेत्रमा लोकप्रिय शृंखला 'दिदी भाइ' को पाँचौं संस्करण 'दिदी भाइ ५' सार्वजनिक गरिएको छ । पारिवारिक सम्बन्ध, आत्मीयता र सामाजिक सन्देशलाई केन्द्रमा राखेर तयार गरिएको गीतमा देवी आचार्य, अर्जुन पन्त र कृष्ण कँडेलले स्वर दिएका छन् ।




गीतका शब्द कृष्ण कँडेलले लेखेका हुन् भने संगीत अर्जुन पन्तको रहेको छ। संगीत संयोजन, मिक्सिङ तथा मास्टरिङ तेजेन्द्र दुराले गरेका छन् । रेकर्डिङको जिम्मेवारी पनि उनैले सम्हालेका छन् । गीतको म्युजिक भिडियोको निर्देशन अर्जुन पन्तले गरेका छन् । भिडियोमा देवी आचार्य, अर्जुन पन्त, राम पौडेल र मोतिसारा पौडेलको अभिनय रहेको छ । त्यसैगरी बाल कलाकारका रूपमा युना भुसाल, प्रेमिल सेधाई, अर्पण परियार, उमा रेग्मी, मौसम, अमृत परियार, सभ्यता र सम्वृद्धिले अभिनय गरेका छन् ।

भिडियोको छायांकन तथा ड्रोन सञ्चालन सुरेश रेग्मीले गरेका हुन् भने सम्पादन तथा रङ संयोजन निशान एसकेले गरेका छन् । निर्माण पक्षका अनुसार 'दिदी भाइ ५' ले नेपाली परिवारमा दाजुभाइ-दिदीबहिनीबीचको आत्मीय सम्बन्ध, माया, त्याग र सामाजिक यथार्थलाई भावनात्मक रूपमा प्रस्तुत गरेको छ ।

# 'असारे घाँसे जुहारी' सार्वजनिक

**काठमाडौं (प्रस)–** असार आफैंमा खेत जोत्ने, खन्ने र धान रोप्ने चटारोको महिना । यो बर्खामा कृषकको उत्सवलाई अझै रोचक बनाउन कलाकार राजेश ढकालले 'असार १६, मौलिक असारे घाँसे जुहारी' म्युजिक भिडियो सार्वजनिक गरेका छन् ।




असारे भाकाको मौलिक गीतको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले ढकालले प्रत्येक वर्ष असारे गीत सिर्जना गर्दै आएका छन् । यसपालिको असारे गीतमा भने वैदेशिक रोजगारका लागि बाध्यताले गाँउघर र परिवार छोडेर जानुपर्ने बाध्यात्मक युवाको पीडा समेटिएको छ ।

विदेशिएका युवा असारे खेती गर्न बिदा मिलाएर फर्किएको प्रशंसा देखाउँदै किसानको जीवन र असारे महिनाको सांस्कृतिक उत्सव गीतमा रचनात्मक ढंगले प्रस्तुत गरिएको छ ।

ढकालले खेतमा धान रोप्दै युवायुवतीले देशको गरिबी, बेथिति, आर्थिक अभाव अन्त्य गर्ने जस्ता समसामयिक विषय गीतमा समेट्नु भएको छ । गीतकार ढकालकै शब्द र संगीत रहेको म्युजिक भिडियोमा सरोज लामिछाने, सुरु गौतम र कोपिला तामाङ वाइबाको स्वर रहेको छ । त्यस्तै, मिलन श्रेष्ठको निर्देशन रहेको उक्त सिर्जनामा सरोज, सरु, कोपिलासहित पशुपति दाहाल, रामेश्वर ढुंगाना, सन्तोषी ढुंगाना, सुरज नेपाल, रोशन नेपाल, दीपक नेपालीले अभियन गरेका छन् ।

# 'ककाकिकी' को पहिलो झलक देखाइयो

**काठमाडौं (प्रस)–** 'कमेडी दरबार' टिमले बनाएको फिल्म 'ककाकिकी' को पहिलो झलक सार्वजनिक गरिएको छ । जसमा मुख्य कलाकारहरू आफ्नो गाउँका लागी केही गर्न खोजेको देखिन्छ । अभिनेत्री गौरी मल्ल, तृप्ति नाडकर, रेखा थापा र अभिनेता महेश त्रिपाठीले एउटा डाँडामा बसेर योजना बनाइरहेका छन् ।

माया इन्टरटेन्मेन्टको प्रस्तुतिमा निर्माण भएको आगामी भदौ १९ मा प्रदर्शनमा आउने 'ककाकिकी' को निर्माण टिमले पहिलो झलक सार्वजनिक गरेसँगै आफ्नो प्रचार प्रसारको काम औपचारिक रूपमा सुरु भएको जानकारी गराएको छ ।

फिल्मका निर्देशकद्वय बिक्की अग्रवाल र श्रृद्धा प्रसाईंले आफूहरूले मिहिनेत गरेर बनाएको फिल्म अब दर्शकको हातमा छाडिदिन लागेको र जस्तो प्रतिक्रिया आउँछ त्यसमा आफूहरू सन्तुष्ट रहने बताए ।

## रंगशाला




# विश्वकपबाट बाहिरियो ब्राजिल



■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वकपको सदाबहार दाबेदार ब्राजिल प्रि-क्वार्टरफाइनलबाटै बाहिरिएको छ । सर्वाधिक ५ पटक विश्वविजेता बनेको ब्राजिलको नर्वेसँगको २-१ को पराजय भोग्दै विश्वकपको यात्रा टुंगियो । एर्लिङ हालान्डको गोलमा पाँचपटकको विश्वकप विजेता ब्राजिललाई पराजित गर्दै नर्वे फिफा विश्वकप २०२६ को क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

अमेरिकाको न्युयोर्क न्युजर्सी स्टेडियममा भएको खेलमा नर्वेले ब्राजिललाई २-१ गोलअन्तरले पराजित गर्दै विश्वकपको क्वाटरफाइनलमा प्रवेश गरेको हो । नर्वेको जितमा दुवै गोल हालान्डले गरे ।

उनले खेलको दोस्रो हाफको अन्तिम ११ मिनेटमा दुई गोल गरेका थिए । खेलको ७९औं मिनेटमा हालान्डले नर्वेका लागि पहिलो गोल गरेका थिए । आन्द्रेस सेलड्रुपको पासमा हालान्डले गोल गरेका हुन् । त्यस्तै उनले खेलको ९०औं मिनेटमा दोस्रो गोल गरे ।

त्यसैगरी, ब्राजिलका लागि नेइमारले खेलको दोस्रो हाफको अतिरिक्त समयमा पेनाल्टीमार्फत एक गोल फर्काएका थिए । यस हारसँगै ब्राजिल विश्वकपबाट बाहिरिएको छ ।

### नेयमारले लिए सन्यास

ब्राजिलका स्टार फरवार्ड नेयमारले राष्ट्रिय टोलीबाट आफ्नो यात्रा समाप्त भएको घोषणा गरेका छन् ।

फिफा विश्वकप २०२६ को प्रि-क्वार्टरफाइनलमा नर्वेसँगको पराजयपछि नेयमारले अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास लिने निर्णय सार्वजनिक गरेका हुन् । खेलपछि भावुक हुँदै ३४ वर्षीय नेयमारले भने, 'मैले आफ्नो सम्पूर्ण प्रयास गरें। मेरो राष्ट्रिय टोलीको यात्रा यही मेटलाइफ स्टेडियमबाट सुरु भएको थियो र यहीं आएर समाप्त भयो। अब यो अध्याय सकिएको छ ।'

नेयमारले सन् २०१० अगस्ट १० मा अमेरिकाविरुद्धको मैत्रीपूर्ण खेलबाट ब्राजिलका लागि अन्तर्राष्ट्रिय डेब्यु गरेका थिए । त्यो खेल पनि न्यू जर्सीस्थित मेटलाइफ स्टेडियममै भएको थियो । संयोगवश, राष्ट्रिय टोलीको अन्तिम खेल पनि सोही मैदानमा सम्पन्न भयो ।

नर्वेविरुद्धको खेलमा नेयमार दोस्रो हाफमा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका थिए । उनले इन्जुरी समयमा पेनाल्टीमार्फत एक गोल गरे पनि ब्राजिललाई हारबाट बचाउन भने सकेनन् । दायाँ खुट्टाको पिँडुलामा लामो समयदेखि रहेको चोटका कारण नेयमारले यस विश्वकपमा सीमित अवसर मात्रै पाए ।

### मेक्सिकोलाई हराउँदै इंग्ल्यान्ड क्वाटरफाइनलमा

इंग्ल्यान्ड फिफा विश्वकप, २०२६ को क्वाटरफाइनलमा प्रवेश गरेको छ । दश खेलाडीमा सीमित बनेको इग्ल्याण्डले अन्तिम १६ अन्तर्गतको खेलमा सहआयोजक मेक्सिकोलाई पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो ।

मेक्सिको अज्टेका स्टेडियममा भर्खरै सम्पन्न खेमला नर्वेले मेक्सिकोलाई ३-२ गोलअन्तरले पराजित गर्दै जित हासिल गरेको हो । इंग्ल्यान्डको जितमा जुड बेलिङहमले २६औं र ३८औं मिनेटमा गोल गरे भने कप्तान ह्यारीले खेलको ६०औं मिनेटमा गोल थपे । मेक्सिकोका लागि जुलियनले खेलको ४२औं मिनेट र राउल जिमिनेजले ६९ औं मिनेटमा गोल गरे । इङ्ल्यान्ड खेलको ५५ औं मिनेटदेखि दश खेलाडीमा सीमित बनेको थियो ।

इंग्ल्यान्डले अब क्वाटरफाइनल खेलमा नर्वेसँग खेल्नेछ ।


## ओमनमा रोजगार

कम्पनी : JAWHARA AL BURAIMI TRADING

पूर्व स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 344441 | चलानी नं. ६०२५७६६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician / manicurist / Nail Technician | 0 | 1 | 170 | ६७,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ३० गते (14th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OCTOPUS RECRUITMENT PVT.LTD**
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८

## मलेसियामा रोजगार

कम्पनी : TENPOWER MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/03/२२ | LT. No. 344612 | चलानी नं. ६०२५७७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 108 | 0 | 1700 | ६३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५

## कतार/युएइमा रोजगार

कम्पनी : ALTIVARA CLEANING AND BUSINESS SERVICES

पूर्व स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 344311 | चलानी नं. ६०२५७७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 2 | 0 | 1000 | ४१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Cleaner | 3 | 0 | 1000 | ४१,७०० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २९ गते (13th Jul. 2026) मा हुनेछ ।

कम्पनी : HASNAIN ABBAS FOR ROOFS & SCAFFOLDING SUPPORT SYSTEMS EXAMINATION

पूर्व स्वीकृति मिति : २०८३/03/२२ | LT. No. 344553 | चलानी नं.६०२५७७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 7 | 0 | 1000 | ४१,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
LIC No. 407/060/61
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

## कतार/युएइमा रोजगार

कम्पनी : AJUBA CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८३/03/२२ | LT. No. 344284 | चलानी नं. ६०२५७७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaners | 1 | 0 | 1000 | ४१,६९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Customer Representative | 1 | 0 | 2200 | ९१,७३८ | | | | | | | |
| 3. | Dry Cleaning Labor | 4 | 0 | 1000 | ४१,६९९ | | | | | | | |
| 4. | Dry Cleaning Laborer | 2 | 2 | 1000 | ४१,६९९ | | | | | | | |
| 5. | Office Cleaner | 2 | 0 | 1000 | ४१,६९९ | | | | | | | |
| 6. | Office Cleaners (Female ) | 0 | 4 | 1000 | ४१,६९९ | | | | | | | |
| 7. | Supervisor | 2 | 0 | 3600 | १,५०,११६ | | | | | | | |

कम्पनी : MSEC SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/03/२१ | LT. No.344450 | चलानी नं. ६०२५७७०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 6 | 0 | 1800 | ७४,७६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३० गते (14th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७



पूर्वी चीनको जियाङ्सु प्रान्तस्थित सिंघुआ सहरको एक रमणीय स्थानमा आफ्ना अभिभावकसँग डुंगा चढेर कमलको फूलको आनन्द लिँदै बालबालिका । *तस्बिरः सिन्ह्वा*

# चीनको क्षेप्यास्त्र परीक्षणले बढायो चासो

**बेइजिङ–** चीनले सोमबार प्रशान्त महासागरमा रणनीतिक आणविक पनडुब्बीबाट क्षेप्यास्त्र परीक्षण गरेको पुष्टि गरेको छ । परीक्षणअघि नै क्षेत्रका केही राष्ट्रलाई जानकारी गराइएको भए पनि यस कदमले जापानसहितका देशहरूको चिन्ता बढाएको छ र दक्षिण प्रशान्त क्षेत्रमा चीनको बढ्दो सैन्य उपस्थितिमाथि नयाँ बहस सुरु भएको छ ।



चिनियाँ नौसेनाका प्रवक्ता वाङ सुएमेङका अनुसार स्थानीय समयअनुसार दिउँसो १२ः०१ बजे पिपुल्स लिबरेसन आर्मी नेभीको रणनीतिक आणविक पनडुब्बीबाट प्रशिक्षण प्रयोजनका लागि सिमुलेटेड वारहेड बोकेको रणनीतिक क्षेप्यास्त्र प्रक्षेपण गरिएको थियो । क्षेप्यास्त्र तोकिएको समुद्री क्षेत्रमा सफलतापूर्वक खसेको उनले बताए । यो चीनको वार्षिक सैन्य प्रशिक्षण कार्यक्रमअन्तर्गतको नियमित अभ्यास भएको र सम्बन्धित राष्ट्रहरूलाई पूर्वसूचना दिइएको पनि उनको भनाइ छ ।

प्रक्षेपण भएको दिन नै चीन र रुसले पूर्वी चीनको प्रमुख नौसैनिक बन्दरगाह छिङदाओबाट संयुक्त वार्षिक नौसैनिक अभ्यास पनि सुरु गरेका छन् । यद्यपि उक्त क्षेप्यास्त्र परीक्षण संयुक्त अभ्यासकै हिस्सा थियो वा थिएन भन्नेबारे बेइजिङले स्पष्ट पारेको छैन ।

जापानले भने परीक्षणको निन्दा गर्दै चीनलाई यस्तो कदम पुनर्विचार गर्न आग्रह गरेको जनाएको छ । पपुवा न्यू गिनीका विदेशमन्त्री जस्टिन टाकाचेन्कोले आफूलाई चिनियाँ राजदूतमार्फत परीक्षणबारे अग्रिम जानकारी दिइएको पुष्टि गरेका छन् । न्युजिल्याण्ड सरकारको एक स्रोतले पनि चीनले सम्भावित अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षणबारे जानकारी गराएको बताएको छ, यद्यपि क्षेप्यास्त्र खस्ने स्थान खुलाइएको थिएन ।

बेइजिङले पछिल्ला वर्षहरूमा आणविक हतियार र सैन्य क्षमता तीव्ररूपमा विस्तार गर्दै आएको छ । अमेरिकी रक्षा मन्त्रालयका अनुसार सन् २०२३ सम्म चीनसँग ५०० भन्दा बढी आणविक हतियार थिए भने सन् २०३० सम्म त्यो संख्या एक हजारभन्दा बढी पुग्न सक्ने अनुमान गरिएको छ ।

यसअघि सेप्टेम्बर २०२४ मा चीनको रकेट फोर्सले फ्रेञ्च पोलिनेसिया नजिक अन्तर्राष्ट्रिय जलक्षेत्रमा डमी वारहेडसहित लामो दूरीको क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो । यो चार दशकभन्दा बढी अवधिपछि गरिएको पहिलो यस्ता प्रकारको परीक्षण थियो । विश्लेषकहरूले त्यसबेला थर्मोन्युक्लियर वारहेड बोक्न सक्ने डोङ फेङ-३१ क्षेप्यास्त्र प्रयोग गरिएको अनुमान गरेका थिए ।

गत महिना सार्वजनिक भएको न्युजिल्याण्डको रक्षा बलको आन्तरिक दस्तावेजले पनि प्रशान्त क्षेत्रमा चीनको नौसैनिक गतिविधि र ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण अब नियमित बन्दै जाने चेतावनी दिएको थियो । दोस्रो विश्वयुद्धपछि यही क्षेत्रमा भएका आणविक परीक्षणले प्रशान्त टापु राष्ट्रहरूमा गहिरो असर छोडेकाले चीनको बढ्दो सैन्य गतिविधिलाई उनीहरूले विशेष चासोका साथ हेरिरहेका छन् । यद्यपि चीनले अस्पताल, सडक र खेलकुद पूर्वाधारजस्ता विकास परियोजनामार्फत पनि प्रशान्त टापु राष्ट्रहरूसँग आफ्नो प्रभाव विस्तार गर्ने प्रयासलाई निरन्तरता दिइरहेको छ । *रासस/एएफपी*

# सुडान युद्धमा छ महिनामै ३०० बालबालिकाको मृत्यु

**कायरो–** सुडानमा जारी गृहयुद्धका कारण पछिल्लो छ महिनामै ३०० भन्दा बढी बालबालिकाको मृत्यु भएको छ । तीमध्ये अधिकांशको ज्यान ड्रोन आक्रमणमा गएको संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)ले सोमबार जनाएको छ । युद्ध थप तीव्र बन्दै जाँदा बालबालिका हिंसा, विस्थापन र मानवीय संकटको सबैभन्दा ठूलो मारमा परिरहेका छन् ।



सन् २०२३ को अप्रिलदेखि सुडानी सेना र अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) बीच जारी द्वन्द्व अहिले मुख्यतः कोर्डोफान, डार्फर र ब्लू नाइल राज्यमा केन्द्रित छ । युनिसेफका अनुसार हालका महिनामा ड्रोन युद्ध तीव्र बनेको छ र कूल हताहतमध्ये करिब ६० प्रतिशत घटना ड्रोन आक्रमणसँग सम्बन्धित छन् ।

रणनीतिक महत्त्वको उत्तर कोर्डोफानस्थित एल-ओबिड सहरको नियन्त्रणका लागि सेना र आरएसएफबीच चर्किएको लडाइँका क्रममा सम्भावित युद्ध अपराध र मानवअधिकार उल्लंघनबारे संयुक्त राष्ट्रसंघ, अमेरिका, बेलायतलगायत अन्तर्राष्ट्रिय समुदायले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

यस युद्धमा हालसम्म कम्तीमा ५९ हजार मानिसको मृत्यु भइसकेको छ भने करिब एक करोड ३० लाख नागरिक विस्थापित भएका छन् । द्वन्द्वका कारण सुडानका धेरै क्षेत्र अनिकालतर्फ धकेलिएका छन् र तीन करोडभन्दा बढी मानिस मानवीय सहायताको भरमा बाँच्न बाध्य छन् ।

ड्रोन आक्रमण र गोलाबारीका क्रममा विद्यालय, बजार, इन्धन भण्डारण केन्द्र तथा खानेपानीका संरचनासमेत निशाना बनाइएकाले पाँच लाखभन्दा बढी नागरिक प्रत्यक्ष जोखिममा परेका छन् । धेरै क्षेत्रमा सर्वसाधारणले एक वर्षभन्दा बढी समयदेखि घेराबन्दीजस्तै कठिन अवस्था सामना गरिरहेका छन् ।

सुडानका लागि युनिसेफका प्रतिनिधि शेल्डन येटले बालबालिका हिंसा, विस्थापन र अभावको अन्तहीन चक्रमा फसेको बताउँदै उनीहरूको सुरक्षा सुनिश्चित गर्न तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरे । संयुक्त राष्ट्रसंघले पनि द्वन्द्वरत पक्षहरूलाई नागरिक तथा नागरिक पूर्वाधारको संरक्षण गर्न, मानवीय सहायता निर्बाधरूपमा पुग्ने वातावरण बनाउन र बालबालिकालाई थप क्षतिबाट जोगाउन सबै सम्भव उपाय अपनाउन आह्वान गरेको छ । *रासस/एपी*

# नाटोमा बढ्दै युरोपको भूमिका



**ब्रसेल्स–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नाटोप्रति अमेरिकाको परम्परागत सुरक्षा प्रतिबद्धतामाथि बारम्बार प्रश्न उठाउन थालेपछि युरोपेली देशहरू आफ्नै सुरक्षाको जिम्मेवारी बढाउने दिशामा तीव्ररूपमा अघि बढेका छन् । यही परिवर्तनलाई थप स्पष्ट बनाउने अपेक्षासहित ३२ सदस्यीय नाटोका नेताहरू यस हप्ता टर्कीको अंकारामा शिखर सम्मेलनमा जुट्दै छन् ।

ट्रम्प प्रशासनले अमेरिका अब युरोपको सुरक्षाको मुख्य जिम्मेवारी एक्लै वहन गर्न नचाहेको स्पष्ट संकेत दिएको छ । हालै जर्मनीबाट पाँच हजार अमेरिकी सैनिक फिर्ता बोलाउने, पोल्याण्डमा नयाँ तैनाथी रोक्ने तथा युरोपमा रहेका अमेरिकी सैन्य उपस्थितिको समीक्षा गर्ने निर्णयले नाटोभित्र नयाँ शक्ति सन्तुलनबारे बहस तीव्र बनाएको छ । अमेरिकी रक्षामन्त्री पीट हेग्सेथले पनि नाटोलाई युरोपले आफ्नै सुरक्षामा नेतृत्व गर्ने सन्तुलित गठबन्धनका रूपमा विकास गर्ने नीति रहेको बताएका छन् ।

रुसले सन् २०२२ मा युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेपछि युरोपेली मुलुकहरूले रक्षा खर्च बढाउन थालेका थिए । ट्रम्पको दबाबपछि त्यो प्रक्रिया अझ तीव्र बनेको छ । गत वर्षको नाटो शिखर सम्मेलनमा सदस्य राष्ट्रहरूले सन् २०३५ सम्म रक्षा खर्चलाई कूल गार्हस्थ उत्पादन (जिडिपी) को पाँच प्रतिशतसम्म पुऱ्याउने लक्ष्यमा सहमति जनाएका थिए । जर्मनीले यस अभियानको नेतृत्व गरिरहेको छ भने रुससँग सीमा जोडिएका सदस्य राष्ट्रहरूले पहिलेदेखि नै उच्च रक्षा खर्च गरिरहेका छन् ।

युरोपेली कूटनीतिज्ञहरूका अनुसार अहिलेको परिवर्तन केवल ट्रम्पको नीतिसम्म सीमित छैन, बरु अमेरिका क्रमशः युरोपको सुरक्षाबाट पछि हट्ने दीर्घकालीन रणनीतिक परिवर्तनको संकेत हो । त्यसैले युरोपले अमेरिकाले छोड्ने जिम्मेवारी विस्तारै आफैं सम्हाल्ने तयारी गरिरहेको छ । यद्यपि लामो दूरीका क्षेप्यास्त्र, उन्नत हवाई प्रतिरक्षा प्रणाली तथा अन्य अत्याधुनिक सैन्य क्षमतामा अमेरिकाको विकल्प तयार गर्न अझै समय लाग्ने विश्लेषण गरिएको छ ।

यद्यपि व्यावहारिकरूपमा नाटोमा अमेरिकी प्रभाव अझै कायम छ । युरोपमा करिब ८० हजार अमेरिकी सैनिक तैनाथ छन्, गठबन्धनको सर्वोच्च सैन्य कमाण्ड अमेरिकाकै नियन्त्रणमा छ र अमेरिकी आणविक सुरक्षा छाता अझै पनि युरोपेली सुरक्षाको मुख्य आधार बनेको छ । केही क्षेत्रीय मुख्यालयको नेतृत्व भने युरोपेली अधिकारीहरूले सम्हाल्न थालेका छन् । यसलाई गठबन्धनभित्रको जिम्मेवारी बाँडफाँटको सुरुआतका रूपमा हेरिएको छ ।

नाटोभित्र अहिले ‘बलियो नाटोका लागि बलियो युरोप’ भन्ने अवधारणाले प्राथमिकता पाएको छ । सदस्य राष्ट्रहरू अमेरिका गठबन्धनबाट अलग होस् भन्ने पक्षमा छैनन्, बरु युरोपले बढी सुरक्षा जिम्मेवारी लिँदै अमेरिकालाई गठबन्धनमा सक्रिय राख्ने रणनीतिमा अघि बढिरहेका छन् । साथै, युक्रेनलाई युरोपेली सुरक्षा संरचनासँग थप नजिक ल्याउने प्रयास जारी रहे पनि नाटो सदस्यताको बाटो भने तत्कालका लागि बन्द नै रहेको छ । त्यसैले अहिलेको जोड युक्रेनलाई युरोपेली संघ (इयू) सँग अझ निकट बनाउने दिशामा केन्द्रित छ ।

समग्रमा, ट्रम्पको नीतिले नाटोलाई तत्काल कमजोर बनाएको नभए पनि गठबन्धनभित्रको शक्ति सन्तुलन परिवर्तन गर्दै अमेरिकामाथिको निर्भरता घटाउने र युरोपलाई आफ्नै सुरक्षाको नेतृत्वतर्फ उन्मुख गराउने प्रक्रिया तीव्र बनाएको विश्लेषण गरिएको छ । *रासस/एएफपी*

## नाटो शिखर सम्मेलनअघि किएभमा रूसी आक्रमण

**किएभ–** टर्कीमा हुने नाटो शिखर सम्मेलनको पूर्वसन्ध्यामा रुसले सोमबार युक्रेनको किएभ क्षेत्रमा ब्यालेस्टिक मिसाइल आक्रमण गर्दा कम्तीमा आठ जनाको मृत्यु भएको छ भने ३४ जना घाइते भएका छन् । राजधानी किएभ र आसपासका क्षेत्रमा एक साताभित्र भएको यो दोस्रो ठूलो आक्रमणले युद्ध थप उग्र बन्दै गएको संकेत दिएको छ ।

किएभ क्षेत्रीय सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोका अनुसार आक्रमणबाट चारवटा आवासीय भवनमा आगलागी भएको छ । बुचा जिल्लामा सात जनाको र राजधानी क्षेत्रमा एक जनाको मृत्यु भएको उनले जानकारी दिए । किएभका मेयर भिटाली क्लिट्स्कोले हवाई सुरक्षा प्रणाली सक्रिय गरिएको र सर्वसाधारणलाई सुरक्षित आश्रयस्थलमै बस्न आग्रह गरे ।

एएफपीका संवाददाताले सोमबार बिहान हवाई हमलाको चेतावनीपछि राजधानीमा लगातार १० भन्दा बढी विष्फोटको आवाज सुनेका थिए । केही समयपछि फेरि आकाशमा चम्किँदै थप विष्फोट भएको देखिएको थियो ।

यसैबीच, आज (मंगलबार)देखि टर्कीको अंकारामा सुरु हुने नाटो शिखर सम्मेलनका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीबीच युद्धबारे छलफल हुने अपेक्षा गरिएको छ । त्यसपछि ट्रम्पले शान्ति प्रयासलाई पुनर्जीवित गर्ने उद्देश्यले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग पनि वार्ता गर्ने योजना रहेको ह्वाइट हाउसले जनाएको छ ।

यता युक्रेनले पनि पछिल्ला हप्ताहरूमा रुसभित्रका ऊर्जा पूर्वाधारमा आक्रमण तीव्र बनाएको छ । रुसद्वारा नियन्त्रणमा रहेको क्रिमियाको सेवास्तोपोल नजिकै युक्रेनी आक्रमणपछि केही समय विद्युत् आपूर्ति अवरुद्ध भएको स्थानीय अधिकारीहरूले बताएका छन् । मस्कोका मेयर सर्गेइ सोब्यानिनका अनुसार राजधानीतर्फ आएका युक्रेनी ड्रोनहरू रुसी हवाई सुरक्षाले खसालेको छ ।

युद्धको मैदानमा पनि तनाव कायम छ । राष्ट्रपति जेलेन्स्कीले रणनीतिक महत्त्वको पूर्वी सहर कोस्टयान्टिनिभ्काका लागि लडाइँ जारी रहेको बताउँदै उक्त सहर आफ्नो नियन्त्रणमा रहेको रुसको दाबीलाई अस्वीकार गरे । उनले नाटो शिखर सम्मेलनअघि मस्कोले थप ठूलो आक्रमणको तयारी गरिरहेको चेतावनीसमेत दिए ।

शनिबार अमेरिकी स्वतन्त्रताको २५०औं वार्षिकोत्सवका अवसरमा राष्ट्रपति ट्रम्पले पुटिन र जेलेन्स्कीसँग छुट्टाछुट्टै टेलिफोन संवाद गरेका थिए । *रासस/एएफपी*

# हमासले गाजाको प्रशासनिक निकाय विघटन गर्ने

**गाजा सिटी (प्यालेस्टिनी क्षेत्र)–** करिब दुई दशकदेखि गाजा पट्टीको प्रशासन सञ्चालन गर्दै आएको हमासले आफ्नो सरकारी प्रशासनिक निकाय विघटन गर्ने निर्णय गरेको छ । यससँगै गाजाको प्रशासन प्यालेस्टिनी राष्ट्रिय प्राविधिक समितिलाई हस्तान्तरण गर्ने प्रक्रिया अघि बढ्ने हमासका अधिकारीहरूले सोमबार बताएका छन् ।

सन् २००७ मा फताहबाट गाजाको नियन्त्रण लिएपछि हमासले त्यहाँ प्रत्यक्ष शासन गर्दै आएको थियो । तर गत अक्टोबरमा इजरायलसँग युद्धविराम भएपछि हमासले दैनिक प्रशासनबाट अलग हुन सक्ने संकेत बारम्बार दिँदै आएको थियो । यद्यपि समूहको निशस्त्रीकरण र युद्धपछिको राजनीतिक व्यवस्थाबारे भने अझै सहमति हुन सकेको छैन ।

हमासका एक अधिकारीका अनुसार गाजा सरकार सञ्चालन गरिरहेको समितिलाई विघटन गर्ने निर्णय गरिएको छ । राष्ट्रिय समितिले औपचारिकरूपमा जिम्मेवारी नसम्हाल्दासम्म प्रशासनिक कामको निगरानीका लागि राष्ट्रियरूपमा स्वीकार्य एक व्यक्तिलाई जिम्मेवारी दिइने छ । हमासको गाजा मिडिया कार्यालयले यसबारे थप जानकारी दिन सोमबार महत्त्वपूर्ण पत्रकार सम्मेलन गर्ने जनाएको छ ।

अर्का हमास अधिकारीका अनुसार हालै कायरोमा भएको बैठकमा यो निर्णय अन्य प्यालेस्टिनी गुटहरूलाई जानकारी गराइसकिएको छ । ती गुटहरूले हमासको कदमलाई स्वागत गर्दै राष्ट्रिय समितिलाई प्रशासनिक भूमिका निर्वाह गर्न मार्ग खुल्ने विश्वास व्यक्त गरेका छन् ।

हमासको निर्णयसँगै अली साथको नेतृत्वमा रहेको गाजा प्रशासनका लागि राष्ट्रिय समिति (एनसिएजी) ले प्रशासनिक जिम्मेवारी सम्हाल्ने बाटो खुलेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मध्यस्थतामा गत अक्टोबरमा भएको युद्धविरामपछि शान्ति बोर्डमार्फत गठन गरिएको उक्त समिति इजरायलको आपत्तिका कारण हालसम्म गाजामा प्रवेश गर्न सकेको छैन ।

हमास, अन्य प्यालेस्टिनी गुट र मध्यस्थकर्ताबीच युद्धविरामको दोस्रो चरण कार्यान्वयनबारे कायरोमा पटक-पटक वार्ता भए पनि सहमति जुट्न सकेको छैन । पहिलो चरणमा हमासले अन्तिम इजरायली बन्धकहरू रिहा गरेको बदलामा इजरायलले प्यालेस्टिनी बन्दीहरूलाई मुक्त गरेको थियो ।

दोस्रो चरणमा हमासको निशस्त्रीकरण, गाजाबाट इजरायली सेनाको क्रमिक फिर्ता र युद्धपछिको शासन व्यवस्थाबारे सहमति हुनुपर्ने भए पनि यही विषय वार्ताको मुख्य अवरोध बनेको छ । इजरायलले गाजामा हमासको पुनः सत्ता स्वीकार नगर्ने अडान लिएको छ भने रमल्लाहस्थित प्यालेस्टिनी प्राधिकरणलाई पनि प्रत्यक्ष रूपमा गाजाको प्रशासन सुम्पने पक्षमा देखिएको छैन । यता हमासले भने नयाँ प्यालेस्टिनी प्रशासन गठन नभएसम्म आफ्नो हतियार हस्तान्तरण नगर्ने अडान कायम राखेको छ । *रासस/एएफपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९०३०० | प्रति तोला – ० | प्रति तोला – ४६०५ |



**मनमोहक ढोरपाटन** | बागलुङको ढोरपाटन नगरपालिका-९ स्थित ढोरपाटन उपत्यकामा फुलेको बुकी फूल र उपत्यकामा चर्दै गरेको घोडा । पछिल्लो समय ढोरपाटन लगायत आसपासको मनरम दृश्य अवलोकन गर्न र यहाँ फुलेको बुकी फूल हेर्न पर्यटकको आकर्षण बढ्दो छ । *तस्बिरः रासस*

## १९ दिनमै साढे ४० हजार मेट्रिकटन मल आपूर्ति

■ प्रभाव संवाददाता

▶▶ असार १ देखि १९ गतेसम्मको सरकारी तथ्यांकअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत कूल ४० हजार ५६९.२५ मेट्रिक टन रासायनिक मल किसानको खेतबारीसम्म पुगिसकेको छ ।

**काठमाडौं–** यसवर्ष मनसुन सक्रिय भएसँगै देशभर धान रोपाइँ सुरु भएको छ । रोपाइँकै यो अभियानका बीच विगतका वर्षहरूमा जस्तो यसपटक किसानले रासायनिक मलको अभाव भने झेल्नुपरेको छैन ।

असारको सुरुआती १९ दिनमै साढे ४० हजार मेट्रिकटनभन्दा बढी रासायनिक मलको सहज बिक्री-वितरण भइसकेको छ । यसबाट मल आपूर्ति प्रणालीमा सरकारको पूर्वतयारी सहितको उपस्थितिले पुष्टि गरेको बताइएको छ ।

यही असार १ देखि १९ गतेसम्मको सरकारी तथ्यांकअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत कूल ४० हजार ५६९.२५ मेट्रिक टन रासायनिक मल किसानको खेतबारीसम्म पुगिसकेको छ ।

'विगतका वर्षहरूमा धान रोपाइँको मुख्ययाममै किसानले रासायनिक मल नपाएर सास्ती खेप्नुपर्ने बाध्यात्मक अवस्था थियो', प्रधानमन्त्री वालेन्द्र शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहाल भन्छिन्, 'तर यसपटक सरकारले बेलैमा आपूर्ति व्यवस्थापन, भण्डारण र वितरण प्रणालीलाई वैज्ञानिक र चुस्त बनाएका कारण किसानले माग गरेकै समयमा सहज रूपमा मल पाइरहेका छन् ।'

यसबाट राष्ट्रिय आपूर्तिमा सरकारी निकायका बीचको समन्वय पनि निकै प्रभावकारी देखिएको छ । कूल वितरणमध्ये कृषि सामग्री कम्पनी लिमिटेडले २६ हजार ९९४.६५ मेट्रिकटन आपूर्ति गर्दै वितरणको ठूलो हिस्सा सम्हालेको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले १३ हजार ५७४.६ मेट्रिकटन मल उपभोक्ता समक्ष पुर्‍याएर बजारको मागलाई सन्तुलित बनाएको छ ।

रोपाइँको समयमा मलको आवश्यकताका बारेमा जानकार रहेको सरकारी संयन्त्रले मागअनुसार कै मल बजारमा पठाएका कारण यस अवधिमा सबैभन्दा बढी २३ हजार ४८२.४ मेट्रिकटन युरिया, १७ हजार ७४९ मेट्रिकटन डिएपी र दुई हजार ३३७ मेट्रिकटन पोटास मल किसानले सहजै प्राप्त गर्न सकेका हुन् ।

विगतका अनुभवहरूलाई हेर्दा असार १५ गते (राष्ट्रिय धान दिवस) को आसपासमा मलको माग अत्यधिक भई प्रणाली नै प्रभावित हुने गर्दथ्यो । असारको सुरुमा दैनिक औसत बिक्री ८७६.४५ मेट्रिकटन मात्र रहेकोमा असार १५ गते बढेर चार हजार ८७७.१५ मेट्रिकटन पुगेको थियो । विगतका कैयौं बर्षका तुलनामा यो सबैभन्दा धेरै मात्रा हो । तर, माग सँगसँगै वितरण प्रणालीलाई पनि समानान्तर रूपमा चुस्त राखिएकाले एकैदिन झण्डै पाँच हजार टन मल वितरण हुँदासमेत कतै पनि आपूर्ति शृंखला नखल्बलिएको कृषिका अधिकारीहरू बताउँछन् ।

प्रेस तथा अनुसन्धान विज्ञ दाहाल भन्छिन्, 'असार १५ गते एकैदिन करिब पाँच हजार मेट्रिकटन मल कुनै अवरोध विना किसानको हातमा पुग्नु आफैंमा सरकारी संयन्त्रको प्रभावकारिता र किसानप्रतिको जवाफदेहिताको बलियो प्रमाण हो । आगामी दिनमा पनि मलको अभाव हुन नदिन प्रधानमन्त्री कार्यालयले निरन्तर अनुगमन र समन्वय गरिरहेकै छ ।'

समयमै बजेट सुनिश्चितता, वैदेशिक खरिद प्रक्रियाको पूर्वतयारी र जिल्ला-जिल्लामा रहेका डिपोको निरन्तर निगरानीका कारण यसवर्ष रासायनिक मलको मौज्दात पर्याप्त रहेको छ ।

## पोखरा–दुबई उडान दिगो बनाउन व्यवसायीको पहल

■ प्रभाव संवाददाता

**गण्डकी–** आगामी सेप्टेम्बर २३ देखि सुरु हुने पोखरा-दुबई हवाई उडान सेवालाई दिगो बनाउने विषयमा फ्लाइ दुबईका प्रतिनिधि र पोखराका पर्यटन व्यवसायीहरूबीच छलफल भएको छ ।

पोखरा उद्योग वाणिज्य संघ र रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराका पदाधिकारीसँगको भेटमा फ्लाइ दुबईका नेपालस्थित महाप्रबन्धक नवराज शाहीले पोखरा उडानलाई दिगो बनाउनेगरी काम सुरु भएको बताए । पोखरा-दुबई उडानलाई स्थायित्व दिन स्थानीयवासी र सरोकारवालाको सहयोग महत्वपूर्ण हुने उनको भनाइ थियो । यो उडानले गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लन्डन, न्युयोर्क, टोकियोजस्ता विश्वका २५० भन्दा बढी गन्तव्यमा पुग्ने अवसर आएको महाप्रबन्धक शाहीले बताए ।

उक्त अवसरमा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखराबाट हुने अन्तरराष्ट्रिय उडानलाई दिगो बनाउन निजी क्षेत्रले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । फ्लाइ दुबईको भगिनी संस्था फ्लाइ इमिरेट्सका महाप्रबन्धक रमेश लामिछानेले उडानलाई दीर्घकालीन बनाउन सम्पूर्ण तयारी भएको बताए । पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले फ्लाइ दुबईको पोखरा-दुबई उडानलाई नियमित र दिगो बनाउन सम्बद्ध सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।

रेष्टुरेन्ट एन्ड बार एसोसिएसन नेपाल (रेवान) पोखरा र फ्लाइ दुबईका पदाधिकारीबीच पर्यटन प्रवर्द्धन, व्यावसायिक सहकार्य तथा आपसी हितका विविध विषयमा छलफल भएको थियो । पर्यटन क्षेत्रको दिगो विकास, अन्तरराष्ट्रिय पर्यटक आगमन वृद्धि तथा निजी क्षेत्रबीचको सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा जोड दिइएको थियो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले गत महिना फ्लाइ दुबईलाई दुबई-पोखरा-दुबई दैनिक उडानका लागि अनुमति दिएको थियो । यसबीचमा फ्लाइ दुबईले उडान तालिका सार्वजनिक गरिसकेको छ । सुरुमा एक महिनाका लागि मात्र दिनको एकपटक उडान गर्ने घोषणा गरेको फ्लाइ दुबईले सन् २०२७ को मार्च २६ सम्मकै बुकिङ खुला गरिएको जनाएको छ ।

फ्लाइ दुबईको टोलीले केही समयअघि पोखरा अन्तरराष्ट्रिय विमानस्थलको उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालनसम्बन्धी निरीक्षण गरेको थियो । सरकारले आगामी आव २०८३/८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाइ दुबईले उडान अनुमति पाएको थियो ।

## नाडेप लघुवित्तको ११औं वार्षिक साधारणसभा



**काठमाडौं (प्रस)–** नाडेप लघुवित्त वित्तीय संस्थाले आफ्नो ११औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । नौविसे एग्रो रिसोर्ट, धादिङमा सोमबार सम्पन्न भएको हो । संस्थाले यस वर्ष लाभांश प्रस्ताव गरेको छैन ।

सभाले गत आर्थिक वर्ष २०८१र८२ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरिक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गरेको छ ।

सभाले टेकराज भट्ट संस्थागत सेयरधनी प्रतिनिधि, नविल बैंक लि., भेषराज गौतम संस्थागत सेयरधनी प्रतिनिधि, लुम्बिनी विकास बैंक लि, कृष्ण प्रसाद न्यौपाने संस्थागत सेयरधनी प्रतिनिधि, डिप्रोक्स नेपाल, डा.भृगुऋषि दुवाडी संस्थापक सेयरधनी र सीता लुईटेल सर्वसाधारण सेयरधनीबाट प्रतिनिधि, (रिक्त) लाई नियुक्त गरेको जनाएको छ ।

सभाले सेयर संरचना परिवर्तन गर्ने, अन्य कुनै वित्तीय संस्थासँग मर्जर र प्राप्ति गर्ने प्रस्ताव आएमा त्यसका लागि सम्पूर्ण काम गर्ने जिम्मेवारी सञ्चालक समितिलाई दिने प्रस्ताव पारित गरेको छ ।

## कटहरियाको बजेट नगरसभाबाट पारित

**रौतहट (प्रस)–** रौतहटको कटहरिया नगरपालिकाले सोमबार १२औं नगरसभा सम्पन्न गर्दै आर्थिक वर्ष २०८३/०८४ का लागि ४८ करोड ७७ लाख ४७ हजार रूपैयाँ बराबरको बजेट पारित गरेको छ । नगरसभाबाट पारित बजेटमा विकास निर्माण, पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ तथा सामाजिक विकासका कार्यक्रमलाई प्राथमिकतामा राखिएको नगरपालिकाले जनाएको छ ।

पारित बजेटअनुसार पुँजीगत खर्चतर्फ १४ करोड ८८ लाख ७५ हजार रूपैयाँ तथा चालु खर्चतर्फ ३३ करोड ८८ लाख ७२ हजार रूपैयाँ विनियोजन गरिएको छ । नगरपालिकाका अनुसार आगामी आर्थिक वर्षमा नगरवासीलाई प्रत्यक्ष लाभ पुग्ने विकास आयोजनाहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

नगर प्रमुख अजय प्रकाश जैसवालले नगरसभामा बजेट प्रस्तुत गर्दै आगामी वर्ष नगरको समग्र विकासलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गरे । उनले नगरवासीको जीवनस्तर उकास्ने, गुणस्तरीय शिक्षा,



सर्वसुलभ स्वास्थ्य सेवा, कृषि उत्पादन वृद्धि, युवाहरूको सीप तथा क्षमता विकास, महिला सशक्तीकरण तथा पूर्वाधार विस्तारलाई बजेटको मुख्य उद्देश्य बनाइएको बताए ।

नगर प्रमुख जैसवालले विकासका योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज तथा सम्पूर्ण नगरवासीबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै पारदर्शिता, जवाफदेहिता र सुशासनलाई प्राथमिकतामा राखेर काम गरिने विश्वास व्यक्त गरे ।

तर नगरसभा भने पूर्ण रूपमा सर्वसम्मत हुन सकेन । बजेट वितरणमा विभेद भएको आरोप लगाउँदै वडा नं. १, २, ४, ६ र ९ का वडाध्यक्षहरूले नगरसभा बहिष्कार गरेका छन् । उनीहरूले पाँच वडाको विकास बजेटमा अन्यायपूर्ण कटौती गरिएको तथा पक्षपातपूर्ण ढंगले बजेट बाँडफाँट गरिएको आरोप लगाएका छन् ।

बहिष्कारमा सहभागी वडाध्यक्षहरूले नगरपालिकाको मूल गेटमा विरोध प्रदर्शन गर्दै प्रमुख प्रशासकीय अधिकृत रामबिनय सिंहलाई नगरसभा बदर गर्न मागसहित ज्ञापनपत्र बुझाएका छन् । उनीहरूले बजेट वितरणमा समानता कायम नगरेसम्म नगरसभाको निर्णय स्वीकार नगर्ने र आवश्यक परे कानुनी उपचारका लागि अदालतसम्म जाने चेतावनी दिएका छन् । विरोधमा उत्रिएका जनप्रतिनिधिहरूले सबै वडालाई समान विकासको अवसर उपलब्ध गराउनुपर्ने, राजनीतिक पूर्वाग्रहका आधारमा बजेट विनियोजन गर्न नहुने तथा बजेट निर्माण प्रक्रियालाई थप पारदर्शी र सहभागितामूलक बनाउनुपर्ने माग गरेका छन् । यद्यपि नगरपालिकाले भने बजेट आवश्यकताको आधारमा विनियोजन गरिएको र नगरको समग्र हितलाई केन्द्रमा राखेर योजना छनोट गरिएको जनाएको छ ।


### विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com



अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक